# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

## वन, वन्यजन्तु, वातावरण, भू तथा जलाधार व्यवस्थापन र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तर्फको

*(प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१।०८२ मा स्वीकृत कार्यक्रम तथा विनियोजित बजेटको लागि)*

सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

धनगढी, कैलाली

नेपाल

प्रमोद भट्टराई
प्रदेश सचिव


पृष्ठभूमि ........ i

कार्यविधि तयार गर्दा अबलम्बन गरिएका मार्गदर्शन ........ i

परिच्छेद १ ........ १

वन, वन्यजन्तु र वातावरण संरक्षण कार्यक्रम तर्फका स्वीकृत कृयाकलापहरु ........ १

१. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता तथा कार्ययोजना तयारी ........ १

१.१ निजी वन दर्ता सहजीकरण ........ १

१. मानव वन्यजन्तु द्वन्द्वब्यवस्थापन तथा वन्यजन्तु उद्धार ........ २

२. विभिन्न किसिमका तालिम, गोष्ठी, वैठक, अन्तरक्रिया एवम् अभिमुखिकरण कार्यक्रमहरु ........ ३

३. वन संरक्षणतथा वन डढेलो नियन्त्रण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम(सचेतना कार्यक्रम) ........ ४

४. वन/वातावरण तथा जैविक विविधता संरक्षणसम्बन्धी जनचेतनामूलक सामाग्री प्रकाशन र वितरण कार्यक्रम ........ ४

५. वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार कार्यक्रम ........ ४

६. सामुदायिक वनको अनुगमन, मूल्याङ्कन पुस्तिका छपाईप्रकाशन/ ........ ४

७. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन(वृक्षारोपण समेत) ........ ५

८. वन नर्सरीमर्मत तथा स्तरोन्नति ........ ६

९.कबुलियति वनको सञ्चालन र ब्यबस्थापन तथा ब्यवसायिक योजना र कर्मचारी परीचालन ........ ६

१०.वन संरक्षण क्षेत्र कार्यक्रम, कर्मचारी/सहजकर्ता र कार्यालय ब्यवस्थापन सिगास), ग्वालेक, महाभारत, बसन्ता, लालझाडी मोहना र तेलेलेक( ........ ७

११. वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायरी ........ ७

१२. उत्कृष्ट कबुलियती वन उपभोक्ता समूह पुरस्कार ........ ८

१३. प्रचार प्रसार सामाग्री उत्पादन, प्रकाशन र वितरण ........ ८

१४. विरुवा उत्पादन(कार्यालयहरु मार्फत) ........ ८

१५. सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नवीकरण/परिमार्जन ........ ९

१६. वन गस्ती परिचालन ........ ९

१७. सामुदायिक वनमा वन सम्बर्द्धन स्थलगत अभ्यास ........ १०

१८. वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन ........ ११

१९. अग्निरेखा निर्माण तथा सरसफाई ........ 11

२०. काठ दाउरा संकलन खर्च ........ १३

२१. Rapid ResponseTeamरCommunity Based Antipoaching Unit (CBAPU)परिचालन ........ १३

२२. सव डिभिजन वन कार्यालय ब्यवस्थापन खर्च ........ १३

प्रमोद भट्टराई
प्रदेश सचिव


२३. बहुबर्षीय विरूवा उत्पादन ........ १३

२४. सडक किनारमा वृक्षारोपण ........ १४

२५. दिवस समारोह ........ १४

२६. वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन ........ १५

२७. अग्नि नियन्त्रणसम्बन्धी स्थलगत फिल्ड अभ्यास ........ १५

२८. बहुमूल्य प्रजाति (श्रीखण्ड, अगरउड, रक्तचन्दन) कोविरुवा खरिद तथा वितरण ........ १५

२९. बहुमूल्य प्रजाति (बोधिचित्त, अगरउड, टिमुर, ओखर) को विरुवा खरिद तथा वितरण ........ १६

३०. स्थानीय तहका पदाधिकारीहरुलाई प्रचलित वन ऐन, नियमावली, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखिकरण ........ १७

३१. सामुदायिक वन उपभोक्ता समूहमा लेखा तथा अभिलेखिकरण तालिम ........ १७

३२. जडिबुटी विरुवा उत्पादन/खरिद र खेती विस्तार (टिमुर, चिराईतो, ओखर,श्रीखण्ड,सतुवा, सेतकचिनीतेजपात, जैतुन आदि) ........ १८

३३.पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार कार्यक्रम (ओखर, सतुवा, टिमुर, तेजपात, चिराईतो आदि) ........ १८

३४.वृक्षारोपण तथा घेरबार कार्यक्रम ........ १८

३५.कबुलियती वनको कार्ययोजना नबिकरण ........ २०

३६.बाँस बिरुवा खरिद तथा रोपणका लागि वितरण कार्यक्रम ........ २०

३७.धार्मिक वन समूहको नया दर्ता तथा कार्ययोजना हस्तान्तरण ........ २१

३८.सब डिभिजन स्तरीय योजना तर्जुमा तथा समिक्षा गोष्ठी ........ २१

३९.साका पदाधिकारीहरुलाई प्रचलित वन ऐन .स.उ.व., आर्थिक विधेयक, नियमावली, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखीकरण ........ २२

४०.घोडाघोडी पंक्षी अभयारण्य क्षेत्रका चोरी शिकारी नियन्त्रण दल परिचालन घोडाघोडी पंक्षी अभय आरण्य ) (क्षेत्र संरक्षण र ब्यबस्थापन कार्यक्रम ........ २२

४१.घोडाघोडी पंक्षी अभयारण्य क्षेत्रमा रहेका मिचाहा प्रजाति हटाउने कार्य घोडाघोडी पंक)ृषी अभय आरण्य क्षेत्र संरक्षण र ब्यबस्थापन कार्यक्रम( ........ २२

४२.स्थायी नर्सरी निर्माण ........ २३

४३.उत्कृस्ट सामुदायिक वन उपभोक्ता समूह पुरस्कार ........ २३

४४.कृषि वन प्रबर्धन कार्यक्रम (चितुवा प्रभावित क्षेत्रहरुमा/बदेल/दुम्सी/बादर) ........ २३

४५.फोकल टिम बैठक ........ २४

४६.मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि धार्मिक वनमा घेरवारतथा पूर्वाधार निर्माण ........ २४

४७. धार्मिक क्षेत्रमा श्रृखण्ड लगायत विरुवा वृक्षारोपण ........ २४

४८.कर्मचारीहरुको टीम विल्डिङ्ग: ........ २५

प्रमोद भट्टराई
प्रदेश सचिव


४९.जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारीत उद्योग सम्बन्धित सम्भाव्यता अध्ययन ..................... २५

५०. वन सम्बर्धन प्रणालीको प्रभावकारीता अध्ययन ..................... २६

५१अनुसन्धान कार्यका लागि बिद्यार्थीहरुलाई सहयोग . ..................... २६

५२कर्मचारीहरुको टीम विल्डिङ्गः. ..................... २७

५३ समस्याग्रस्त बाघ पक्रनको लागि आवश्यक पर्ने.Vith (सेतो कपडा) लगायत वन्यजन्तु उद्दार सामाग्री खरीदः ..................... २७

५४वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि फिल्ड अभ्यास तथा डेमो. ..................... २८

५५.अतिक्रमण नियन्त्रण सम्बन्धी औजार उपकरण खरीद तथा व्यवस्थापन ..................... २८

५६जडीबुटी तथा. गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्योग सम्बन्धित सम्भाव्यता अध्ययन ..................... २९

५७ वन  सम्बर्धन .प्रणालीको प्रभावकारीता अध्ययन ..................... २९

५८ सामुदायिक .वनको काठ दाउराको आन्तरिक विक्रि वितरणको विश्लेषण सहितको अध्ययन ..................... ३०

५९वन्यजन्तु उद्दार केन्द्रको संरचना निर्माण . ..................... ३१

६०अग.्नी नियन्त्रण सम्बन्धी सामाग्री उपकरण तथा सामान खरीद तथा वितरण ..................... ३१

६१. स्थानीय सरकार / निजी क्षेत्रको सहकार्यमा तारबार सहित वृक्षारोपण ..................... ३२

६२  वन .डढेलो नियन्त्रणको लागि Rapid Response Team परिचालन ..................... ३३

प्रमोद भट्टराई
प्रदेश सचिव

## पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशमा रहेकोउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु (**वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन अनुसंधान तथा प्रशिक्षण केन्द्र)** को आ.व. २०८१/०८२ मा **वन,भू संरक्षण,वन्यजन्तु रवातावरण**तर्फको विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न विनियोजन भएको बजेटको परिधिभित्र रही स्वीकृत वार्षिक कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय,डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुर वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट सञ्चालन गरिने गरी तय भएका छन् ।स्वीकृत कार्यक्रमको प्रभावकारी ढंगले सम्पादन भएमा त्यसवाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धी हासिल गर्न सकिन्छ।तोकिएको गुणस्तर कायम गरी समयमै स्वीकृतकार्यक्रमहरु प्रभावकारी ढंगले सम्पादन गर्न कार्यान्वयन गर्ने निकायहरुवीच एकै खालको कार्यक्रम सञ्चालन प्रकृयामा साझा वुझाई रही सम्पादन हुनु पर्दछ । सुदूरपश्चिम प्रदेशको नीति, कार्यक्रम एवम् बजेटमा समावेश भएका वन, भू तथा जलाधार व्यवस्थापन साथै वन अनुसन्धान तथा प्रशिक्षणसंग सम्बन्धित कार्यक्रमहरुको बुझाईमा एकरुपता कायम गरी प्रभावकारी रुपले कार्यान्वयन गरी अधिकतम उपलब्धी हासिल गर्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ बमोजिम यो कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तयार गरिएको छ ।

## कार्यविधि तयार गर्दा अबलम्बन गरिएका मार्गदर्शन

- यो कार्यविधि सार्वजनिक खरीद ऐन, २०६३ सार्वजनिक खरीद नियमावली, २०६४ र सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ र वजेट कार्यान्वयनसँग सम्बन्धीत संघीय सरकार र सुदूरपश्चिमप्रदेश सरकारले जारी गरेका बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनलगायतका कानूनहरुको हकमा सोही वमोजिम हुनेगरी जारी गरिएको छ ।
- यो कार्यविधिले नसमेटेको तर नेपाल सरकारबाट स्वीकृत कार्यविधिमा उल्लेख भएका भए सोहि वमोजिम सञ्चालन गर्न सकिने छ ।
- संघीय सशर्त अनुदानको कृयाकलापहरु सञ्चालन गर्दा संघीय सरकारवाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम सञ्चालन गर्नु पर्नेछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

- भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्दा यस कार्यविधिमा नसमेटिएका कार्यक्रमको हकमा साविक भू तथा जलाधार संरक्षण विभागको कार्यविधि अनुसार समेत सञ्चालन गर्न सकिनेछ ।
- कार्यक्रम सञ्चालन गर्दा यस कार्यविधिको अलावा स्वीकृत नर्म्स, जिल्ला दररेटकोपूर्णरुपमा पालना गर्नु पर्नेछ ।
- प्रदेश र संघवाट जारी भएको कार्यविधिमा समेत उल्लेख नभएका कृयाकलाप सञ्चालन गर्नु पर्दा त्यस्ता छुटेका कार्यक्रमको छुट्टै संक्षिप्त कार्यविधि तयार पारी सम्बन्धित निकायले मन्त्रालयबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने छ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

# परिच्छेद १

## वन, वन्यजन्तु र वातावरण संरक्षण कार्यक्रम तर्फका स्वीकृत कृयाकलापहरु

### १. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता तथा कार्ययोजना तयारी

यो शीर्षकमा विनियोजन भएको रकम वन ऐन, नियमावली तथा सामुदायिक वनको मार्गदर्शन वमोजिम नयाँ सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने, उक्त सा.व.उ.स. दर्ता गर्ने तथा वन कार्ययोजना तयारी गर्ने कार्यमा खर्च गरिने छ । यसको लागि घरधुरी पहिचान/सर्भेक्षण गर्ने, टोल बैठक,वन स्रोत सर्वेक्षणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरीद, संयुक्त रुपमा उपभोक्ताहरुसंगवन भ्रमण गरी नक्सा तयारी गर्ने, कार्ययोजना तयारी गर्नको लागि वन स्रोत सर्भेक्षण गर्ने, भेला वैठक आदिको लागि रकम खर्च गर्न सकिनेछ । यस कार्यको लागि विधान एवम् वन कार्ययोजना तयारी कार्यमा फिल्डमा खटिने कर्मचारीहरुको लागि खाना/खाजा तथा कार्ययोजनाको मस्यौदा तयारी गर्नको लागि आवश्यक रकम,मसलन्द सामाग्रीहरु, प्रिन्टिङ्ग, वाईण्डिङ्ग तथा भेला वैठकमा चिया नास्ताको लागि समेत आवश्यकतानुसार रकम खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा तयार गरिएको कार्ययोजना/विधान, नक्साहरु तथा फोटोहरु पेश गर्नु पर्नेछ ।

**उपलब्धीहरुः**यो कृयाकलाप सम्पन्न भए पश्चात् सामुदायिक वनमा आवद्ध समुदायहरु वन क्षेत्रको संरक्षणमा सक्रीय रुपमा सहभागी भई वनको समुचित व्यवस्थापनमा टेवा पुग्नुका साथै संलग्न उपभोक्ताहरु वन पैदावारबाट लाभान्वित भएका हुनेछन् ।

**सूचकः** सामुदायिक वन उपभोक्ता समूह दर्ता प्रमाण पत्र, सामुदायिक वन हस्तान्तरणको प्रमाण पत्र र स्वीकृत विधान तथा कार्ययोजना किताब आदि ।

### २. निजी वन दर्ता सहजीकरण

वन ऐन, २०७६ र सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ मा निजी वन दर्ता गरी त्यसको संरक्षण एवं सदुपयोग गर्न सकिने कानूनी व्यवस्था रहेको छ । निजी वनले देशमा आवश्यक काठ दाउराको अत्याधिक माग परिपूर्ति गरिरहेको देखिन्छ। यद्यपी अधिकांश निजी वनहरुमा परम्परागत रुपले आफ्नो हकभोगको निजी जग्गाहरुमा रहेका रुख विरुवाहरु संरक्षण गरी हुर्काउने र त्यसको घरायसी प्रयोजनमा सदुपयोग गर्ने र बढी भएको काठ दाउरा विक्री वितरण हुने गरेको पाईन्छ । वन उपभोक्ताहरु एवम् किसानहरुमा निजी वन दर्ता गरी त्यसको व्यवस्थापन गर्दा सोबाट प्राप्तहुने वन पैदावारको सतत् व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिने र विक्री वितरणमा पनि सरलीकरण भई निःशुल्क प्राविधिक सेवा समेत उपलब्ध हुने व्यवस्थाको जानकारी समेत अभिवृद्धि हुने देखिन्छ । यसै तथ्यलाई मध्यनजर गरी निजी वन दर्तामा निजी वन धनीहरुलाई आकर्षण गर्न यो शीर्षकमा वजेट विनियोजन गरेको छ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

यस शीर्षकमा विनियोजन भएको रकम निजी जग्गाधनीहरुबाट नियमानुसार निजीवन दर्ताको लागि प्राविधिक सहयोगको लागि अनुरोध भई आएमा स्थानीय तहसंग समन्वय गरीसम्बन्धित सवडिभिजन वन कार्यालयको सिफारिसमा प्राथमिकताको आधारमा वनको तथ्याङ्क संकलन गर्न तथा सहजिकरणको लागि फिल्डमा जाने कर्मचारीहरु (डि.व.का.,सव-डि.व.का.,नापी/मालपोत कार्यालय आदि) को लागि दैनिक भ्रमण भत्ता, ईन्धन, स्टेशनरी, खाना/खाजा र नापी कार्यालयमा बुझाउनु पर्ने राजश्व आदिमा नियमानुसार खर्च गर्न सकिने छ । यसका साथै निजी वन दर्ताको लागि स्थानीय समुदायमा प्रचारप्रसार गरी सचेतना ल्याउनको लागि फिल्डस्तरीय कोचिङ्ग कार्यमा समेत यो रकम खर्चगर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा कार्यक्रम सञ्चालन भएको स्थानको जि.पी.एस. कोअर्डिनेट सहितको फोटोग्राफहरु, कार्यक्रमको उपलब्धी सहित निजी वनको लगत/तथ्याङ्क पेश गर्नुपर्नेछ । निजी वन दर्ता सहजिकरणका लागि अत्यधिक संख्यामा निवेदन प्राप्त भई विनियोजित बजेट पर्याप्त नभएमा पहिले निवेदन पेश गर्नेलाई प्राथमिकता दिई कार्यसञ्चालन गर्नु पर्नेछ ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा दर्तावाल निजी वनहरुको संख्यामा बृद्धि हुने र निजी जग्गाहरुमा विभिन्न प्रजातिका वनजन्य विरुवाहरुको वृक्षारोपण भई हरियाली अभिबृद्धि भएको हुनेछ।

**सूचकः**सम्बन्धित स्थानीय तहबाट प्राप्त भएको निजी वन दर्ता सम्बन्धि तथ्याङ्क/जानकारी ।

## १. मानव वन्यजन्तु द्वन्द्वब्यवस्थापन तथा वन्यजन्तु उद्धार

मानव र वन्यजन्तुवीच सहअस्तित्व कायम गरी वन्यजन्तु संरक्षण/ब्यवस्थापन गर्नको लागि आवश्यक पर्ने विभिन्न किसिमका कृयाकलापहरुमा यो शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिने छ । यसमा स्वीकृत वजेट वन्यजन्तुको उद्धार केज निमार्ण गर्ने,Darting गर्ने,वन्यजन्तुको औषधी उपचार र दानापानी खर्च, उद्धार कार्यमा खटिने जनशक्तिको लागि खाना/खाजा/भत्ता, आवश्यक उपकरण तथा सामाग्रीहरु खरिद, गाडिभाडा, ईन्धन, मानव वन्यजन्तु द्धन्द्ध व्यवस्थापनका लागि जनचेतनामूलक प्रचारप्रसार आदि कार्यमा नियमानुसार खर्चगर्न सकिनेछ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा मानव वन्यजन्तु द्वन्द्वका घटनामा न्यूनीकरण भएको हुने । साथै घाईते वन्यजन्तुहरुको उद्धार भई प्रभावकारी रुपमा ब्यवस्थापन भएको हुने ।

**सूचकः** वन्यजन्तु उद्धारका लागि प्रयोग हुने केज निर्माण, विल तथा भरपाईहरु, सरोकारवालाहरुको सहभागिता जनिने प्रमाण, विभिन्न चरणका फोटोहरु, आदि ।

**जोखिमः**घाईते वन्यजन्तुको उद्धार तथा उपचार गर्दा सम्बन्धित प्राविधिक तथा चिकित्सकको परिचालन गर्न नसकिएमा वन्यजन्तुको मृत्यू हुनसक्ने साथै वन्यजन्तु आक्रामक भई मानिसलाई आक्रमण गर्न सक्ने।केज निर्माण गर्दा ध्यान पुर्याउन नसकेमा वन्यजन्तु सजिलै बाहिर निस्कन सक्ने।केज वन्यजन्तुमैत्री नभएमा वन्यजन्तु भै मर्न सक्ने ।

प्रमोद भट्टराई
प्रदेश सचिव

२. विभिन्न किसिमका तालिम, गोष्ठी, बैठक, अन्तरक्रिया एवम् अभिमुखिकरण कार्यक्रमहरु

यसमा विनियोजन भएको रकम नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालननिर्देशिका बमोजिम रकम खर्च गर्न सकिने छ ।यस्ता किसिमका कार्य संचालन गर्दा सवारीसाधन भाडामा प्रयोग गर्नुपर्ने अवस्था भएमा मु.अ.करमा दर्ता भएका फर्मसंग सवारी साधन भाडामा लिनुपर्नेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा वन कार्यालयका कर्मचारीहरु, वन संरक्षणमा आवद्ध समूहका उपभोक्ता सदस्यहरु विभिन्न किसिमका ज्ञान शिपहरुमा दक्ष तथा उर्जाशिल भई वन संरक्षणमा थप प्रभावकारिता आएको हुनेछ।

**सूचक:**सहभागीहरुको उपस्थिति विवरण, विल भरपाईहरु, फोटोहरु, सहभागीहरुले तालिम गोष्ठीपश्चात् ज्ञान शिपलाई ब्यबहारिक रुपमा प्रयोग गरेको प्रमाणहरु ।

३. वन संरक्षणतथा वन डढेलो नियन्त्रण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम(सचेतना कार्यक्रम)

यो कार्यक्रम मुख्य रुपमा विद्यालयहरुमा वन संरक्षण तथा वन डढेलो नियन्त्रण सम्बन्धमा विद्यालयका विद्यार्थी एवम् शिक्षकहरुमा जानकारी प्रदान गर्नको लागि आयोजना हुने कक्षा सञ्चालन/प्रशिक्षण तथा छलफल कार्यक्रमहरुमा खर्च गर्न सकिने छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि विद्यालयको छनौट सम्बन्धित कार्यालयको वैठकबाट गरिने छ । यस शीर्षकमा विनियोजित रकम प्रशिक्षण सामाग्री तयारी,वन संरक्षण तथा वन डढेलो नियन्त्रण सम्बन्धी प्रशिक्षण,स्कूल स्तरीय वादविवाद, हाजीरीजवाफ, निवन्ध वक्तृत्वकला प्रतियोगितासञ्चालन, पुरस्कार वितरण, कार्यक्रम संचालनार्थ आवश्यक पर्ने खाजा/खाना खर्च, स्टेशनरी, ईन्धन, संचार, प्रशिक्षण लगायतको कार्यमा संलग्न व्यक्तिहरुलाई प्रदान गरिने भत्ता आदिमा नियमानुसार खर्च गर्न सकिने छ । कार्यक्रम सपन्न भएपछि प्रतिवेदनको साथमा फोटोहरु समेत समावेश गरी पेश गर्नुपर्ने छ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् कृयाकलाप सञ्चालन गरिएको विद्यालयका विद्यार्थीहरु वन संरक्षण तथा वन डढेलो नियन्त्रण सम्बन्धी विषयमा प्रशिक्षित भई समुदायमा यसको प्रचार प्रसार गर्नुका साथै डढेलो नियन्त्रणको कार्यमासक्रीय रुपमा परिचालित भएका हुनेछन् ।

**सूचक:**सहभागीहरुको उपस्थिति विवरण, विल भरपाईहरु, फोटोहरु आदि ।

प्रमोद भट्टराई
प्रदेश सचिव

## ४. वन/वातावरण तथा जैविक विविधता संरक्षणसम्बन्धी जनचेतनामूलक सामाग्री प्रकाशन र वितरण कार्यक्रम

यो कार्यक्रम मुख्य रुपमा वन, वातावरण र जैविक विविधता संरक्षण सम्बन्धमा विद्यालयका विद्यार्थी, स्थानीय वन समुहका उपभोक्ताहरु तथा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने प्रयोजनार्थ यस सम्बन्धी ब्रोसर/पम्प्लेट/पुस्तिका आदिछपाई तथा प्रकाशन गरी वितरण गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा फोटोहरु समेत समावेश गरी पेश गर्नुपर्ने छ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् कृयाकलाप सञ्चालन भए पश्चातवन, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी विषयमा सरोकारवालाहरु प्रशिक्षित एवम् जानकार भई संरक्षण कार्यमा सक्रीय रुपमा सहभागी भएका हुनेछन् ।

**सूचकः**ब्रोसर/पम्प्लेट/पुस्तिका, विल भरपाईहरु,वितरण गरेको भरपाई, फोटोहरु आदि।

## ५. वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार कार्यक्रम

यस कार्यक्रम अन्तरगत वन्यजन्तु संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि जनचेतनामूलक प्रचारप्रसार सामाग्रीहरु तयारी, छपाई, वितरण, सूचनाहरु प्रकाशन, प्रसारण, संरक्षण सम्वन्धी स्कूलस्तरीय वादविवाद, वक्तृत्वकला, हाजिरीजवाफ, निवन्ध प्रतियोगितासञ्चालन, पुरस्कार वितरण,सडक नाटक, स्कूल शिक्षा, ऱ्याली, माईकिङ, भित्ते लेखन, होडिङ्ग बोर्ड, परिचय पन्ना(पम्प्लेट), चित्र सन्देश(पोष्टर),भिडियो डकुमेन्ट्रि,प्रचार प्रसारको क्रममा आवश्यक पर्ने ईन्धन लगायतका कार्यमा खर्चगर्न सकिने छ। **उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लाका आम मानिसहरु वन्यजन्तुको संरक्षण किन गर्ने, वन्यजन्तु अपराधहरु के के हुन, के कस्ता अपराध गरेमा के कस्तो दण्ड सजाय हुन सक्छ भन्ने विषयमा जानकार भै समग्रमा वन्यजन्तुको संरक्षणमा सहयोग पुग्नेछ ।

**सूचकः**होडिङ बोर्डहरु, एफ एम रेडियोबाट प्रशारण गरिएको जिङ्गल, स्थानीय पत्रिकाहरुमा प्रकाशित गरिएको सूचनाहरु, भित्ते लेखन गरिएका दृष्यहरु, एफ एम रेडियो तथा पत्र पत्रिकाहरुसंगको सम्झौतापत्रहरु, विल भरपाईहरु, फोटोहरु ।

**जोखिमः**वन्यजन्तु धैरै मात्रामा पाईने तथा वन्यजन्तुको संरक्षणको चुनौति रहेको स्थानहरुमा पर्याप्त मात्रामा प्रचार प्रसार गर्न नसकिएमा प्रचार प्रसार कार्यको उपादेयता नहुने ।

## ६. सामुदायिक वनको अनुगमन, मूल्याङ्कन पुस्तिका छपाई/प्रकाशन

यस कार्यक्रम अन्तर्गत मुख्यतः जिल्लामा गठन भएका सामुदायिक वन उपभोक्ता समूह/वनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सो बाट प्राप्त तथ्याङ्कविश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु मार्फत् कार्यान्वयन गर्नुपर्नेछ । यसका अतिरिक्त यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा/खाना खर्च, स्टेशनरी, अनुगमनका क्रममा जाँदा आवश्यक पर्ने ईन्धन, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी एवम् छपाई गर्ने कार्यमा खर्च गर्न सकिने छ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयअन्तरगत दर्ता भएका सामुदायिक वन समूह तथा सामुदायिक वनहरुको समग्र अवस्था, सामुदायिक वन समूहहरुबाट सञ्चालन भएका कृयाकलापहरु र तिनका प्रभावकारिता, सामुदायिक वन समूहहरुको आम्दानी र सोको परिचालनको अवस्था, वन पैदावारको उत्पादन तथा सदुपयोगको अवस्था, सामुदायिक वनबाट लाभान्वित घरधुरी विवरण, वन क्षेत्रमा आएका परिवर्तनहरु लगायतका विषयहरुको यथार्थ विवरण तथा तथ्याङ्कहरु समावेश भएको एक विस्तृत प्रतिवेदन तयार भई पुस्तिका समेत छपाई भएको हुनेछ ।

**सूचक:**अनुगमन प्रतिवेदन तथा पुस्तिका, विल भरपाई, फोटोहरु आदि ।

## ७. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन(वृक्षारोपण समेत)

यो शिषर्कमा विनियोजन भएको रकम मुख्यतः अतिक्रमित वन क्षेत्रमा भएको अतिक्रमण हटाउने, सो क्षेत्र खाली गर्ने,घेराबार (तारबार)गर्नेर उक्त स्थानमा वृक्षारोपण गर्ने कार्यमा खर्च गरिने छ । यसको लागि अतिक्रमण भएको स्थान पहिचान गरी सामुदायिक वन उपभोक्ता समूहहरु, स्थानीय तह, सव-डिभिजन वन कार्यालयको समन्वय एवम् आवश्यक परेमा स्थानीय प्रशासन र सुरक्षा निकाय समेतको सहयोग लिई वन नियमावली, २०७९, वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ समेतको आधारमा कार्यान्वयन गर्न सकिने छ। यसको लागि आवश्यक कर्मचारी एवम् सुरक्षाकर्मी लगायतका सरोकारवालाहरुको छलफल/अन्तरक्रिया कार्यक्रम, जिल्ला वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदलको वैठक सञ्चालन, भेला तथा फिल्डमा अतिक्रमण हटाउने समयमा खाना/खाजा, भत्ता, गाडी/डोजर/स्काभेटर जस्ता अन्य उपकरणहरु भाडामा लिई परिचालन गर्ने, हटाउने कार्यमा परिचालन गरिने सरकारी गाडीहरुको मर्मत तथा ईन्धन, ट्रेन्च निर्माण,घेरवारतथा वृक्षारोपणको लागि आवश्यक सामाग्री तथा गुणस्तरीय विरुवाहरु खरीद एवम् ढुवानी तथा रोपण लगायतका कार्यमा नियमानुसार खर्चगर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा विल भर्पाईहरु, फोटोहरु र कार्यक्रम कार्यान्वयन भएको क्षेत्रको जि.पि.एस. प्वाईन्ट तथा नक्शा समेत समावेश गरी पेश गर्नुपर्ने छ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् वन क्षेत्रमा गरिएका अतिक्रमणहरु हटाई पुन: वनक्षेत्र कायम भई पुनर्स्थापना भएका हुनेछन् । साथै उक्त क्षेत्रमा वृक्षारोपण भई यसको संरक्षणार्थ काँडेतारद्वारा तारबार समेत भएको हुनेछ ।

**सूचक:**अतिक्रमण गरी बनाईएका संरचनाहरु नष्ट गरिएका फोटो तथा दृष्यहरु, अतिक्रमण हटाएको स्थलगत मुचुल्का, अतिक्रमण हटाउँदाको बखत/हटाइसकेपछीको फोटो,अतिक्रमण हटाएको क्षेत्रको नक्सा, तारबार तथा वृक्षारोपण, विल भरपाई, कार्यसम्पन्न तथा जाँचपास प्रतिवेदनहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरु र अन्य आवश्यक तथ्यांक/विवरणहरुसंलग्न राख्रुपर्ने, आदि।

**जोखिम:**अतिक्रमण हटाउने कार्य सञ्चालन गर्दा द्वन्द्व हुन सक्ने, हटाईएका क्षेत्रहरुमा नियमित रुपमा निगरानी नभएमा पुन: अतिक्रमण हुन सक्ने।

प्रमोद भट्टराई
प्रदेश सचिव

८. वन नर्सरीमर्मत तथा स्तरोन्नति

यस शीर्षकको रकम डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयहरुको साविकबाट सञ्चालनमा रहेका वन नर्सरीहरुको मर्मत संभार एवम् स्तरोन्नति गर्ने कार्यमा लागत इष्टिमेट तयार गरी स्वीकृत गराई बजेटको परिधिभित्र रही नियमानुसार खर्च गर्न सकिने छ ।

उपलब्धीहरु: यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन तथा सब-डिभिजन वन कार्यालयको हाता भित्र निर्माण गरिएका स्थायी प्रकृतिका नर्सरीहरुको मर्मत तथा सम्भार भई सोमा विरुवा उत्पादन कार्य सञ्चालन भएको हुनेछ ।

सूचक:कार्य आदेश,कार्यसम्पन्न तथा जाँचपास प्रतिवेदन,नापी किताव, सरोकारवालाहरु समेत स्पष्ट देखिने गरी विभिन्न चरणका फोटोहरु आदि ।

९.कबुलियति वनको सञ्चालन र ब्यबस्थापन तथा ब्यवसायिक योजना र कर्मचारी परीचालन

यस शीर्षकमा विनियोजन भएको रकम कवुलियती वन समूहहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै दिगो व्यवस्थापन गर्ने र कार्यक्रमको प्रभावकारिताको लागि सहजीकरण गर्ने, ज्ञान तथा सीपमा अभिवृद्धि गर्ने गराउने साथै नियमित अनुगमन तथा मूल्याङ्कन समेत गर्ने कार्यको लागि विगत आ.व.हरुबाट सहजीकरणमा नियुक्त भएका सुपरभाईजर, ग्रामिण वित्त सहायक, वन प्राविधिक (वन सहायक/रेन्जर), सहजकर्ताहरुलाई काममा लगाए वापत पारिश्रमिक दिने कार्यमा खर्च गरिने छ । यसको लागि सहजकर्ता कर्मचारीहरु छनौट गर्दा विगतबाटै कार्यरत अनूभवी कर्मचारीहरुलाई प्राथमिकता दिई साविककै कार्यसूची(TOR)वमोजिम काममा लगाउन सकिने छ । सहजकर्ता कर्मचारीहरुलाई मासिक प्रतिवेदन र हाजीर उतार फारमको आधारमा भुक्तानी दिन सकिनेछ ।सहजकर्ताहरुले आफ्नो कार्यप्रगति वा प्रतिवेदन मासिक रुपमा सव-डिभिजन वन कार्यालयबाट प्रमाणित गराई डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

यसका साथै यस शीर्षक अन्तरगत विनियोजन भएको वजेटमध्ये प्रचलित कानूनले तोके बमोजिमको रकमकबुलियती वन विकास सम्बन्धी कृयाकलाप र सोको प्रशासनिक तथा ब्यबस्थापन कार्यमा खर्च गरिनेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयबाटसुपरभाईजर, ग्रामिण वित्त सहायक, वन प्राविधिक (वन सहायक/रेन्जर), सहजकर्ताहरु नियुक्त भई कबुलियती वन समूहहरुको संस्थागत विकास गर्ने कार्यमा सहयोगका लागि परिचालित भएका हुनेछन् साथै कबुलियती वन र समूहका सदस्यहरुको हैसियतमा सुधार आएको हुनेछ ।

**सूचक:**नियुक्ति तथा सम्झौता पत्र, कर्मचारीहरुको मासिक प्रतिवेदन,अन्य विल भरपाई र प्रतिवेदनआदि।

प्रमोद भट्टराई
प्रदेश सचिव

## १०.वन संरक्षण क्षेत्र कार्यक्रम, कर्मचारी/सहजकर्ता र कार्यालय ब्यवस्थापन (सिगास, ग्वालेक, महाभारत, बसन्ता, लालझाडी मोहना र तेलेलेक)

यस शीर्षकमा विनियोजित रकम घोषणा भएका वा प्रस्तावित वन संरक्षण क्षेत्रहरुमावन जंगल एवम् वन्यजन्तु संरक्षण तथा जनचेतनामूलक कार्यक्रम,पानीका स्रोत/मुहानहरुको संरक्षण गर्ने, पर्यापर्यटन अभिवृद्धि गर्ने, स्थानीय जनताको आय एवं रोजगारीमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, उपयुक्त जडिबुटी खेति विस्तार, बासस्थान तथा जैविक विविधता संरक्षण,वैकल्पिक ऊर्जा प्रबर्द्धन गर्ने साथै यीकृयाकलापहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरणका लागि कर्मचारी/सहजकर्ता परिचालन गर्ने, कार्यालय ब्यवस्थापन तथा कार्यक्रमहरुको अनुगमन गर्ने कार्यहरुमा खर्च गर्न सकिने छ ।

यस शिर्षकमा विनियोजित बजेटडिभिजन वन कार्यालयको कर्मचारी बैठकबाटविभिन्न कृयाकलापहरुमा विभाजन गरीकार्यालय प्रमुखको स्वीकृती पश्चातकार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रमको कार्यान्वयन डिभिजन/सब-डिभिजन वन कार्यालयहरु मार्फत् गर्नुपर्नेछ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात् प्रदेश अन्तरगतका विभिन्न जिल्लाका घोषित/प्रस्तावितवन संरक्षण क्षेत्रहरुमा विभिन्न जैविक विविधता संरक्षणका कृयाकलापहरु सञ्चालनका साथै उक्त वन क्षेत्र आसपास बसोबास गर्ने बासिन्दाहरु सो घोषित/प्रस्तावित वन संरक्षण क्षेत्रको विकास तथा संरक्षणमा सक्रीय सहभागी हुनुका साथै त्यहां सञ्चालन हुने विभिन्न आयमूलक कृयाकलापहरुबाट लाभान्वित भएका हुनेछन्।

**सूचक:**विभिन्न कृयाकलापहरु सञ्चालनका लागि वन समूहहरुसंग भएका सम्झौता पत्रहरु,विभिन्न कृयाकलापहरु सञ्चालन भएको प्रतिवेदन तथा जांचपास प्रतिवेदन र सरोकारवालाहरु स्पष्ट देखिनेगरी विभिन्न चरणको फोटोहरु ।

## ११.वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायरी

वन जङ्गल नोक्सान गर्ने, वन अपराध जस्तैः चोरी कटानी, वन्यजन्तु शिकार तथा आखेटोपहार ओसार पसारमा संलग्न व्यक्तिहरुलाई पक्राउ गरीमुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायरी गर्नका लागि आवश्यक पर्ने मसलन्द खर्च, वन अपराधीलाई पक्राउ गरी ल्याउन लैजान सवारी भाडा, बरामद भएका वन पैदावार लगायत अन्य दसी प्रमाण सँग सम्बन्धित सामानहरुढुवानी,अनुसन्धान खर्च, बकपत्रमा साक्षीहरु झिकाउंदा निजहरुको यातायातका लागि लाग्ने खर्च, सूचना प्रसारण खर्च, अनुसन्धानको क्रममा खटिंदा दैनिक भ्रमणभत्ता, ईन्धन, यातायात जस्ता शीर्षकमा बिनियोजित रकम खर्च गर्न सकिने छ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा हुने वन अपराधका घटनाहरुमा संलग्न व्यक्तिहरु उपर अनुसन्धान तथा मुद्दा दायर हुने र वन अपराधका घटनामा कमी आउने ।

**सूचक:**विल भरपाईहरु,अदालतमा पेश गरेको अभियोग पत्र तथा मुद्दा सँग सम्बन्धित कागजातहरुको फोटोकपीहरु।

प्रमोद भट्टराई
प्रदेश सचिव

## १२.उत्कृष्ट कबुलियती वन उपभोक्ता समूह पुरस्कार

सब डिभिजन वन कार्यालयहरुबाट सिफारिस भई आएका उत्कृष्ट कबुलियति वन समूहरुलाई तोकिएको मापदण्ड तथा सुचकहरुको आधारमा जिल्लास्तरमा प्रथम, दोस्रो तथा तेस्रो पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । यस शीर्षकमा विनियोजित रकमबाट प्रमाणपत्र तयार गर्ने तथा नगद रकम पुरस्कार स्वरुप वितरण गर्ने र समारोह आयोजना गर्नका लागि खर्च गर्न सकिनेछ ।

**उपलब्धीहरु:**जिल्लामा दर्ता भई कृयाशिल रहेकाकबुलियती वन समूहहरुले वर्षभरी गरेका कृयाकलापहरुको विश्लेषण तथा मूल्याङ्कनबाट उत्कृष्ट समूहहरु पहिचान भई पुरस्कार प्राप्त गरेका हुनेछन्।

**सूचक:**मूल्याङ्कन समितिको प्रतिवेदन, बिल भरपाईहरु, प्रमाणपत्रको फोटोकपीर फोटोहरु ।

## १३.प्रचार प्रसार सामाग्री उत्पादन, प्रकाशन र वितरण

कार्यक्रम कार्यान्वयन गर्ने निकायले वनको संरक्षण, वन डढेलो तथा वन अतिक्रमण नियन्त्रण, जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, वन तथा वन्यजन्तुसँग सम्बन्धित प्रचार प्रसार सामाग्रीजस्तैः पम्पलेट, ब्रोसर, बुकलेट, सूचना बोर्ड, छपाई तथा प्रकाशन,स्थानीयपत्रिकातथा एफ एम बाट प्रकाशन/प्रशारण, सूचना वोर्ड, श्रव्य दृष्य सामाग्री, संरक्षण सम्बन्धी दृष्य झल्कने टिसर्ट तथा क्याप छपाई तथा प्रकाशन आदिमा खर्च गर्न सकिनेछ। यसरी उत्पादन तथा प्रकाशन गरिएका प्रचार प्रसार सामाग्रीहरु सम्बन्धित सरोकारवालाहरुलाई वितरण गर्नु पर्नेछ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात वन, वातावरण तथा जैविक विविधता संरक्षण तथा वन अपराध र दण्ड सजायहरुका वारेमा जानकारी प्राप्त गरी संरक्षण कार्यमा टेवा पुगेको हुनेछ ।

**सूचकः** प्रकाशन गरिएका प्रचार प्रसार सामाग्रीहरुको नमुना, एफ एम रेडियोबाट प्रशारण गरिएको सामाग्री जिङ्गल, भिडियो,बिल भरपाई, फोटोहरु आदि ।

## १४.विरुवा उत्पादन (कार्यालयहरु मार्फत)

जिल्लामा खाली रहेको वन क्षेत्रमा वृक्षारोपण गर्न, निजी क्षेत्र तथा समुदायका जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न तथा वन पैदावारको उत्पादनमा टेवा पुऱ्याउन डिभिजन वन कार्यालय वा मातहतका सब-डिभिजन वन कार्यालयमा कार्यरत वन प्राविधिक कर्मचारी मार्फत बिरुवा उत्पादन कार्ययोजना बनाइ यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । सम्बन्धित कार्यालयको कर्मचारी बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको माग, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ/गैरकाष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा बीउ स्रोत, समयतालिका, विरुवा वितरणको विवरण आदि समेत खुल्ने गरीसम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा विरुवाको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

सम्बन्धित जिल्लाको भौगोलिक बनावट, स्थानीय हावापानी, मोहडा लगायत आधारहरुलाई दृष्टिगत गरी प्रजाति छनौट समेत गरी सम्बन्धित पकेट क्षेत्रमा वृक्षारोपण गर्ने गरी अग्रिम आवश्यकता तथा सम्भाव्यता पहिचान गरी विरुवा उत्पादन गर्नु पर्नेछ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुमा रहेका नर्सरीहरुमा गुणस्तरीय विरुवाहरु उत्पादन भएको हुने ।

**सूचक:**कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु,विरुवा वितरणको भरपाई पत्र, विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:**समय अनुसार सञ्चालन गर्नु पर्ने कार्य नगरेमा, गुणस्तरीय विऊ प्रयोग नभएमा गुणस्तरीय विरुवा उत्पादन हुनेमा आशंका ।

## १५.सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नवीकरण/परिमार्जन

वन ऐन, २०७६,वन नियमावली, २०७९, सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७, नियमावली, २०७८, सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन,(तेस्रो संस्करण, २०७१) तथा सामुदायिक वनको सर्वेक्षण मार्गदर्शन, २०६१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरागरी कार्ययोजनाको म्याद समाप्त भएका सामुदायिक वनको कार्ययोजना नवीकरण कार्यमा यस शीर्षकवाट खर्च गरिनेछ ।कार्ययोजना नवीकरण/पुनरावलोकन कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । प्रदेश स्तरका डिभिजन तथा सव डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ।साथै कार्ययोजना नवीकरण गर्दा सामुदायिक वन समूहहरुसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।यसमा उपलब्ध बजेटबाट वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्चर कार्ययोजना तयारीको लागि टाइपिङ, प्रिन्टिङ र बाईन्डिङजस्ता कार्यमा खर्च गर्नुपर्नेछ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात्म्याद समाप्त भएका सामुदायिक वनको कार्यान्यन अवधी नवीकरण भई यसमा आबद्ध समुदायहरु वन क्षेत्रको संरक्षणमा सक्रिय रुपमा सहभागी भई वनको समुचित ब्यवस्थापनमा टेवा पुग्नुका साथै सँलग्न उपभोक्ताहरु वन पैदावारको उपभोगबाट लाभान्वित भएका हुनेछन्।

**सूचक:**विल भरपाईहरु, नविकृत कार्ययोजनाको किताब ।

## १६.वन गस्ती परिचालन

वन तथा वन्यजन्तु संरक्षणका लागी वन कर्मचारी,सुरक्षा निकाय लगायतका ब्यक्तिहरुबाट गस्ती परिचालन गर्दा चिया/खाजा, खाना,इन्धन, गस्तीमा प्रयोग हुने सवारी साधन मर्मत सम्भार, फिल्ड गियर जस्ता सामाग्री समेतको लागि खर्च गर्न सकिनेछ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सञ्चालन भएपछि वन अपराधका घटनाहरुमा न्यूनता आएको हुनेछन् ।

**सूचक:**विल भरपाईहरु,सवारी साधनको लगबुकको रेकर्ड,कर्मचारीहरुको दैनिक डायरी रेकर्ड ।

प्रमोद भट्टराई
प्रदेश सचिव

**जोखिम:**गस्ती गर्दा संधै एउटै समय र एउटै रुट प्रयोग भएमा तस्करहरुले विभिन्न नयां रुटहरु तय गरी तस्करी गर्न सक्ने।

## १७.सामुदायिक वनमा वन सम्बर्द्धन स्थलगत अभ्यास

सामुदायिक वनको प्रकार, किसिम तथा अवस्थाको आधारमा सिफारिस गरिएको वन सम्वर्द्धनको क्रियाकलापहरु सञ्चालन गर्न स्थानीय उपभोक्ता समूहहरुलाई प्रशिक्षण गर्न यो क्रियाकलाप सञ्चालनगरिने छ । वन व्यवस्थापन अभिमुखिकरण तालिम/फिल्ड स्तरीय अभ्यासमा सहभागीहरु तथा प्रशिक्षकको लागी खाजा, स्टेशनरी, प्रशिक्षक भत्ताका लागी यस शीर्षकमा बिनियोजित बजेट खर्च गर्न सकिनेछ। यसका लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत नर्मस एवम् जिल्ला दररेटको प्रयोग गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नु पर्ने छ।

- अभ्यास सञ्चालनगरिएको समूहको नाम, ठेगाना
- अभ्यासमा उपस्थित संख्या
- लागत खर्च
- वन व्यवस्थापनका मुख्य क्रियाकलापहरु तथा फोटो

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालय अन्तरगतका सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरु वन सम्बर्द्धन कृयाकलापहरुको सैदान्तिक विषयमा जानकार भई आ-आफ्नो वन क्षेत्रमा वन सम्बर्द्धनका कृयाकलापहरुको व्यावहारिक प्रयोग गरेका हुनेछन् ।

**सूचक:**सहभागीहरुको उपस्थिति विवरण,कार्यसम्पन्न प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

## १८.वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

वनजंगलमा विभिन्न कारणबाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा वन डढेलोको प्रकोप मानिसको नियन्त्रण भन्दा वाहिर देखापर्ने गरेको छ । वन डढेलोको रोकथाम तथा नियन्त्रण गर्न पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनमा उल्लेखित कृयाकलापहरु एक मुख्य आधार हुनेछ ।

आवश्यकतानुसार नजिकका सामुदायिक वन उपभोक्ता समूहहरुलाई संस्थागत रुपमा समन्वय गरी अग्नि रोकथाम तथा नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम वन क्षेत्रमा रहेको प्रज्वलनसिल पदार्थहटाउने/सङ्कलन गर्ने, नियन्त्रित रुपमा जलाउने,नियन्त्रित डढेलो लगाउने, अग्नि नियन्त्रण संजाल परिचालन गर्नेसाथै अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, कर्मचारी, स्थानीय उपभोक्ता तथा सुरक्षा निकाय परिचालन, प्राथमिक उपचार, बारुण यन्त्र परिचालन, अग्नि नियन्त्रण सामाग्री खरिदआदि कार्यक्रमहरुमा समेत खर्चगर्न सकिनेछ । यस क्रममा

प्रमोद भट्टराई
प्रदेश सचिव

आवश्यकइन्धन, खाजा, खाना, पानी आदि कार्यमा समेत खर्च गर्न सकिनेछ। वन डढेलो नियन्त्रण कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा वन डढेलोका घटनाहरुमा न्यूनीकरणभईवन वातावरण तथा जैविक विविधता संरक्षणमा टेवा पुगेको हुनेछ साथै वन क्षेत्र बाहिर हुने धन जनको क्षतिमा समेत कमी आएको हुनेछ ।

**सूचक:**होडिङ बोर्ड, भित्ते लेखन तथा एफ एम रेडियोबाट प्रसारित सूचना सामग्रीको जिङ्गल, सम्झौता र विल भरपाई,कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन,सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:**डढेलोको उच्च प्रकोप हुने क्षेत्रमा प्राथमिकताका साथ कार्य सञ्चालन गर्न नसकिएमा कृयाकलाप कार्यान्वयनबाट आशातित उपलब्धी हुन नसक्ने।

## १९.अग्निरेखा निर्माण तथा सरसफाई

वन डढेलोबाट बढी सम्बेदनशिल वन क्षेत्रमा वन डढेलो लाग्न नदिन तथा लागी हालेमा एक खण्डबाट अर्को खण्ड वा एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा डढेलो फैलिन नदिन माघ मसान्त भित्र अग्निरेखा निर्माण गर्नु पर्नेछ । यस शिर्षकमा विनियोजित बजेट अग्निरेखा निर्माण कार्य तथा नियमित रुपमा अग्निरेखा सरसफाई कार्यका लागी खटाईएका वन हेरालुहरुको पारिश्रमिकमा खर्च गर्न सकिनेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् वन क्षेत्रमा अग्निरेखा निर्माणबाट वन डढेलोका घटनाहरुमा न्यूनीकरण भई वन वातावरण तथा जैविक विविधता संरक्षणमा टेवा पुगेको हुनेछ साथै वन क्षेत्र बाहिर हुने धन जनको क्षतिमा समेत कमी आएको हुनेछ ।

**सूचक:**अग्निरेखा निर्माण, विल भरपाई,कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:**ठुलो बेगको हावाहुरी चलेको बखत वन डढेलो एक खण्डबाट अर्को खण्ड वा एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा फैलिन गई वन क्षेत्रको हानी नोक्सानी हुन सक्ने ।

## २०.काठ दाउरा संकलन खर्च

सरकारद्वारा व्यवस्थित वनमा हावाहुरी वा अन्य प्राकृतिक प्रकोपका कारणले ढलेका, जोखिमयुक्ततथा सुखड खडा रुखहरु नियमानुसार सङ्कलन तथा घाटगद्धि गर्न, मुद्धामा बरामद भएका काठ दाउराहरु तथा बेवारिसे अवस्थामा फेला परेका काठ दाउराहरु ढुवानी गरी सुरक्षित स्थानमा घाटगद्धि गर्ने कार्यमा यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

विनियोजित रकम सूचना प्रकाशन, छपान, कटानमुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ, ग्रेडिङ्ग आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट वमोजिम खर्च गर्नुपर्ने छ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात डिभिजन वन कार्यालयको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना बमोजिम सरकारद्वाराव्यवस्थित वनबाट र प्राकृतिक प्रकोपमा जम्मा हुने ढलापडा काठ दाउरा संकलन गरी यसको नियमानुसार सदुपयोग भएको हुनेछ ।

**सूचक:**संकलित काठ दाउराको लगत मुल्याङ्कन विवरणहरु, कटान रजिष्टर, घाटगद्दी रजिष्टर, विक्री भएको भए सोको प्रमाणहरु, संकलन गर्दा भएका खर्चहरुको विल भरपाई, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

**जोखिम:**अनुगमन गर्ने निकायबाट नियमित तथा प्रभावकारी रुपमा अनुगमन नभएमा अनियमितता हुने, सङ्कलित काठ दाउरा हराउन सक्ने, नोक्सान हुन सक्ने, समयमा विक्रि वितरण हुननसक्ने।

## 21. Rapid ResponseTeamरCommunity Based Antipoaching Unit (CBAPU)परिचालन

चोरी शिकारी नियन्त्रण,वन्यजन्तुको उद्दार तथा ब्यबस्थापन, टुहुरा, घाईते, अशक्त, हिंस्रक, आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक वासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण, वन डढेलो नियन्त्रण गर्ने गरीवन प्राविधिक, स्थानीय उपभोक्ता, सुरक्षा निकाय, स्थानीय प्रशासन, भेटेरीनरीअस्पाताल तथा पशुसेवा विज्ञ केन्द्रका प्राविधिक कर्मचारी र नजिकका समूहका प्रतिनिधिहरु समेत रहने गरी Rapid Response Team गठन गरिनेछ । यस शीर्षकमा विनियोजित रकमलाई Rapid Response Teamगठन तथा परिचालन साथै CBAPUपरिचालन गर्ने र उक्त टोलीलाई जिल्लास्तरमा आवश्यक पर्ने निम्न उल्लेखित उपकरण तथा सामाग्रीहरु खरीद तथा परिचालन गर्ने कार्यमा खर्च गरिने छ।

- वन्यजन्तु उद्दारका सामाग्रीहरु खरीद
- वन डढेलो नियन्त्रणका सामाग्रीहरु खरीद
- फिल्ड गियर खरीद
- केज तथा टहरा निर्माण
- उद्दारका लागि आवश्यक सवारी साधनको भाडामा प्रयोग
- औषधी उपचार
- खाना, खाजा
- गाडी भाडा, इन्धन, मर्मत सम्भार

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात जिल्लास्तरमाचोरी शिकारी नियन्त्रण,वन्यजन्तुको उद्दार तथा ब्यबस्थापनभएको हुनेछ साथै टुहुरा, घाईते, अशक्त, हिंस्रक,समस्यामा परेका वन्यजन्तुको छिटो र सहज तवरले उद्धार हुने ।

**सूचक:**उद्धार गरिएका वन्यजन्तु, केज निर्माण,विलभर्पाई, उपकरणहरु, फोटोहरु आदि ।

**जोखिम:Rapid Response** टिमतथा CBAPU टिमपरिचालन हुने टोलीका सदस्यहरु घाईते हुन सक्ने तथा चोटपटक लाग्न सक्ने ।

प्रमोद भट्टराई
प्रदेश सचिव

## २२.सव डिभिजन वन कार्यालय व्यवस्थापन खर्च

सव डिभिजन वन कार्यालयलाई आवश्यक पर्ने मसलन्द खर्च जस्तै Toilet हार्पिक, हातधुने साबुन, फोटोकपी पाना, टोनर रिफिल, कलम, स्टिच पिन, चियापान, ईन्धन, संचार तथा सव डिभिजन वन कार्यालय भवनको स-साना मर्मत आदि कार्यमा खर्च गर्ने गरी बजेट विनियोजन गरिएको छ ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात सव डिभिजन वन कार्यालयले दैनिक रुपमा कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्दा आवश्यक पर्ने मसलन्द सामानहरु व्यवस्थापनमा सहजता आउनेछ ।

**सूचकः**विलभर्पाई।

## २३.बहुबर्षीय विरूवा उत्पादन

यस कार्यक्रम अन्तरगत स्थानीय स्तरमा उपयुक्त हुने बहु उद्देश्यीय प्रजातिहरु छनौट गरी डिभिजन वन कार्यालयद्वारा निर्माण गरिएको उच्च प्रविधियुक्त नर्सरी (HiTech Nursery) /साधारण नर्सरीमा विरुवा उत्पादन कार्य सञ्चालन गर्नु पर्नेछ । विरुवा उत्पादन कार्यका लागि कम्तिमा पनि ४"*७" साईजका पोलिथिन व्यागहरुको प्रयोग गर्नु पर्नेछ । विरुवा कम्तिमा १.५ वर्षको भएपछिप्राविधिक दृष्टिकोणले रोपणयोग्य भएपश्चात वृक्षारोपण गरिनेछ वा वृक्षारोपण प्रयोजनका लागि वितरण गर्न सकिने छ । यस शीर्षकमा विनियोजित बजेट रकम प्रचलित आर्थिक ऐन नियम र जिल्ला दररेट बमोजिम नर्सरी नाईके तथा नर्सरी सुरक्षा र विरुवा उत्पादनका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु, वीउविजन तथा ज्यामी लगायतका शीर्षकहरुमा खर्च गरिने छ ।

सम्बन्धित जिल्लाको भौगोलिक बनावट, स्थानीय हावापानी, मोहडा, स्थानीय आवश्यकता तथा चाहना लगायत आधारहरुलाई दृष्टिगत गरी प्रजाति छनौट समेत गरी सम्बन्धित पकेट क्षेत्रमा वृक्षारोपण गर्ने गरी अग्रिम आवश्यकता तथा सम्भाव्यता पहिचान गरी विरुवा उत्पादन गर्नु पर्नेछ ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भएपश्चात् स्थानीयस्तरमा राम्रोसंग हुर्कन सक्ने प्रजातिका करिब ३ फिट अग्ला स्वस्थ र गुणस्तरीय विरुवाहरु उत्पादन भएको हुनेछ ।

**सूचकः**विरुवा उत्पादन तथा वितरण रजिष्टर, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिमः** उपयुक्त प्रजाती, उपयुक्त वीउको छनौट, पोलिथिन व्यागको छनौट, उपयुक्त माटोको छनौट, माटो, बालुवा र मलको मिश्रण गर्दा प्राविधिकको निगरानी नभएमा विरुवा उत्पादन कार्यको गुणस्तरीयतामा नकारात्मक प्रभाव पार्न सक्ने। ढिलो बढ्ने प्रजाति भएमा १.५ वर्षमा ३ फिट अग्लो नहुन सक्ने ।

प्रमोद भट्टराई
प्रदेश सचिव

२४.सडक किनारमा वृक्षारोपण

जिल्लाको सहरोन्मुख क्षेत्रमा निर्माण भएका सडकको दायाँ बायाँ दुबैतर्फ सौन्दर्यमूलक विरुवाहरु रोपण गरी हरित शहर निर्माण गर्नुका साथै वातावरणीय प्रदूषण नियन्त्रण गर्नु यस कृयाकलापको उद्देश्य रहेको छ।

सडक किनारमा वृक्षारोपणार्थ विरुवा छनौट गर्दा स्थानीय स्तरमा सजिलै हुर्कन सक्ने, प्राय संधै हरियाली रहने, सौन्दर्य प्रदायक, झाङ्गिने प्रकृतिको मुलजरा गहिरो जाने खालको प्रजातिलाई छनौट गर्नु पर्नेछ । कम्तिमा ३ फिटको विरुवा रोपण गर्नु पर्नेछ । डिभिजन वन कार्यालयद्वारा सञ्चालित नर्सरीमा हुर्काईएका बहुवर्षीय विरुवा उपलब्ध भएमा सोहि विरुवा उपयोग गर्नु पर्नेछ । तर डिभिजन वन कार्यालयको नर्सरीमा विरुवा मौज्दात नरहेको खण्डमा उपलब्ध भएसम्म प्रदेश स्तरमा उत्पादित गुणस्तरीय विरुवा निजी नर्सरीबाट खरीद समेत गरी वृक्षारोपण गर्न सकिनेछ ।

वृक्षारोपण गरिएको विरुवालाई सुरक्षा प्रदान गर्नको लागि Iron बाट निर्मित कम्तिमा ५ फिट अग्लोTree Guard ले विरुवालाई छेकबार गर्नु पर्दछ ।

यो कार्य सञ्चालनका लागि स्थानीय तहसंग समेत सहकार्य गर्न सकिएमा प्रभावकारी हुनेछ ।स्थानीय तह तथा अन्य निकायसंग सहकार्य गर्दा सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् सडक किनारामा वृक्षारोपण भई हरियाली प्रवर्द्धन भएको हुनेछ ।

**सूचक:**कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिमः** गुणस्तरीय विरुवाको छनौटमा ध्यान नदिईएमा र Tree Guard को व्यवस्था नगरिएमा वृक्षारोपण सफल नहुन सक्छ ।

२५.दिवस समारोह

जैविक विविधता संरक्षण सम्बन्धी जनचेतना अभिबृद्धि गरी धेरै भन्दा धेरै समुदायलाई जैविक विविधता संरक्षणमा सहभागी गराउनका लागि वन तथा वातावरण संरक्षण सम्बन्धी विभिन्न दिवस तथा समारोहहरु (वातावरण दिवस, सिमसार दिवस, जैविक विविधता संरक्षण दिवस, सामुदायिक वन दिवस, चुरे संरक्षण दिवस, भू संरक्षण दिवस आदि) मनाउने प्रयोजनका लागि यस कार्यक्रममा बजेट विनियोजन गरिएको हो ।

जिल्लास्तरमा सरोकारवालाहरुको समेत सहभागितामा यस्ता दिवसहरु मनाईनेछन् । स्थान विशेष र परिवेसको आधारमा अन्तरकृया गोष्ठि, समारोह, हाजिरी जवाफ प्रतियोगिता,निबन्ध प्रतियोगिता लगायत विविध कार्यक्रमहरुको आयोजना गरी यी दिवसहरु मनाईनेछन् ।

**उपलब्धीहरु :** वन वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी जनचेतना बृद्धि भएको हुनेछ ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई र फोटोहरु आदि ।

प्रमोद भट्टराई
प्रदेश सचिव

जोखिम:सरोकारवाला सबै निकायहरुलाई सहभागिता गराउन नसकिएमा र उपयुक्त स्थान छनौट गर्न नसकिएमा कार्यक्रम प्रभावकारी हुन नसक्ने ।

**२६.वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन**

कार्यालयहरुले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम बमोजिमका कृयाकलापहरु सञ्चालन गर्दा गरेका प्रगति तथा हासिल गरेका उपलब्धीहरु समेटेर पुस्तिका छपाई गर्नु पर्नेछ । पुस्तिका तयार गर्दा सम्पन्न गरिएका मुख्य मुख्य कृयाकलापहरुको कृयाकलापगत रुपमा विस्तृत विवरण (सञ्चालन गरिएको ठेगाना, खर्च भएको रकम, लाभान्वित घरधुरी तथा सम्भव भएसम्म फोटो समेत)उल्लेख गर्नु पर्नेछ ।

**उपलब्धीहरु :** वार्षिक प्रगति प्रतिवेदन पुस्तिका तयार भएको हुनेछ ।

**सूचक :** प्रगति प्रतिवेदन पुस्तिका, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई र फोटोहरु आदि ।

**जोखिम :**विस्तृत विवरणहरु उल्लेख नगरिएमा पुस्तिकाको महत्व कम रहने ।

**२७.अग्नि नियन्त्रणसम्बन्धी स्थलगत फिल्ड अभ्यास**

डढेलोको अति जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी केहि स्थानहरुमा त्यस क्षेत्रका वन कर्मचारी, सामुदायिक वनका उपभोक्ताहरु तथा स्थानीय समुदायहरुलाई सहभागी गराई जोखिमयुक्त क्षेत्रका सडकका छेउंमा थुप्रेका, गोरेटो बाटोमा थुप्रेका तथा फायर लाईनमा थुप्रेका सुकेका पातपतिङ्गरहरु सफा गर्ने, तिनलाई सुरक्षित स्थानमा जम्मा गरी जलाउने कृयाकलाप सञ्चालन गर्नुका साथै डढेलो नियन्त्रण कार्य गर्दा उपलब्ध सामाग्रीहरुको प्रयोग गर्ने विधी तथा तरिकाहरु लगायतकाविषयमा स्थलगत रुपमानै फिल्ड अभ्यास तथा तालिम सञ्चालन गर्नु पर्नेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् डढेलोको जोखिमयुक्त क्षेत्रहरुमा डढेलोका घटनामा कमी आउनुका साथै स्थानीय समुदायहरु डढेलो र यसको असरहरुका बारे सचेत भई नियन्त्रणका कार्यमा समेत सक्रियतापूर्वक सहभागी हुनेछन् ।

**सूचक:** अग्नि रेखा तथा गोरेटो बाटोका पातपतिङ्गर हरुको सरसफाई भएको दृष्य, सहभागीहरुको उपस्थिति विवरण, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका भिडियो तथा फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:** सङ्कलन गरिएका सुकेका पात पतिङ्गरहरु जलाउंदा सुरक्षित स्थान छनौटमा ध्यान दिन नसकेमा थप समस्या सृजना हुन सक्ने ।

**२८.बहुमूल्य प्रजाति (श्रीखण्ड, अगरउड, रक्तचन्दन) कोविरुवा खरिद तथा वितरण**

माथि उल्लेखित प्रजातिहरुको बजार दर उच्च मूल्य रहेको पाइन्छ। यस्ता विरुवाहरुलाई किसानको निजीखेत, बारी, खरबारी, निजी वन तथा सामुदायिक वन र कबुलियति वनको खाली तथा नाङ्गो क्षेत्रहरुमा रोपण गरी उत्पादन बढाउन सकेमा किसानहरुले मनग्य आर्थिक आम्दानी प्राप्त गर्न सकिने देखिन्छ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

कार्यालयले उपरोक्त प्रजातीका गुणस्तरीय विरुवाहरुनिजी नर्सरीबाट खरिद गरी सम्बन्धित जिल्लाका ईच्छुक किसानहरुलाई, वन उपभोक्ताहरुलाईरोपणका लागि वितरण गर्नु पर्नेछ ।लामो दुरीबाट ढुवानी गर्दा कलिला विरुवाहरुलाई असर (transportation stress) पर्न गई विरुवाको मृत्युदर बढ्ने तथा गुणस्तर परिक्षणमा समेत समस्या हुने हुँदा यस्ता विरुवाहरु उच्च गुणस्तरमा उपलब्ध भएसम्म प्रदेशभित्र रहेका निजी नर्सरीबाट विरुवा खरिदलाई प्राथमिकता दिइनेछ । विरुवा प्राप्त गर्ने किसानहरुलाई प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ । यसका अलावा डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा रहेका खाली क्षेत्रहरुमा समेत वृक्षारोपण गर्नका लागि खरिद गरिएका विरुवा रोपण गर्न सकिनेछ ।

**उपलब्धीहरु:** जिल्लाका विभिन्न स्थानका किसानहरुको निजी जग्गा तथा विभिन्न वन क्षेत्रहरुमा उच्च मूल्यका प्रजातिहरुको खेती विस्तार भएको हुनेछ ।

**सूचक:**विरुवा वितरणको भरपाई, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:** गुणस्तरीय विरुवाको खरिदमा ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

## २९.बहुमूल्य प्रजाति (बोधिचित्त, अगरउड, टिमुर, ओखर) को विरुवा खरिद तथा वितरण

माथि उल्लेखित प्रजातिहरुको बजार दर उच्च मूल्य रहेको पाइन्छ। यस्ता विरुवाहरुलाई किसानको निजी खेत, बारी, खरबारी, निजी वन तथा सामुदायिक वन र कबुलियति वनको खाली तथा नाङ्गो क्षेत्रहरुमा रोपण गरी उत्पादन बढाउन सकेमा किसानहरुले मनग्य आर्थिक आम्दानी प्राप्त गर्न सकिने देखिन्छ ।

कार्यालयले उपरोक्त प्रजातीका गुणस्तरीय विरुवाहरु निजी नर्सरीबाट खरिद गरी सम्बन्धित जिल्लाका ईच्छुक किसानहरुलाई, वन उपभोक्ताहरुलाईरोपणका लागि वितरण गर्नु पर्नेछ ।लामो दुरीबाट ढुवानी गर्दा कलिला विरुवाहरुलाई असर (transportation stress) पर्न गई विरुवाको मृत्युदर बढ्ने तथा गुणस्तर परिक्षणमा समेत समस्या हुने हुँदा यस्ता विरुवाहरु उच्च गुणस्तरमा उपलब्ध भएसम्म प्रदेशभित्र रहेका निजी नर्सरीबाट विरुवा खरिदलाई प्राथमिकता दिइनेछ । विरुवा प्राप्त गर्ने किसानहरुलाई प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ । यसका अलावा डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा रहेका खाली क्षेत्रहरुमा समेत वृक्षारोपण गर्नका लागि खरिद गरिएका विरुवा रोपण गर्न सकिनेछ ।

**उपलब्धीहरु:** जिल्लाका विभिन्न स्थानका किसानहरुको निजी जग्गा तथा विभिन्न वन क्षेत्रहरुमा उच्च मूल्यका प्रजातिहरुको खेती विस्तार भएको हुनेछ ।

**सूचक:**विरुवा वितरणको भरपाई, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:** गुणस्तरीय विरुवाको खरिदमा ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

३०.स्थानीय तहका पदाधिकारीहरुलाई प्रचलित वन ऐन, नियमावली, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखिकरण

स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूलाई प्रचलित वन ऐन, नियमावली, निर्देशिकाहरू र मार्गदर्शनमा भएका व्यवस्थाहरू सम्बन्धमा जानकारी गराउन यस कार्यक्रममा विनियोजित रकम खर्च गरिनेछ । डिभिजनल वन अधिकृत, सरकारी वकिल, लगायत व्यक्तिहरूबाट प्रशिक्षण गराईने छ। वन ऐन २०७६, वन नियमावली २०७९, सुदुरपश्चिम प्रदेश वन ऐन २०७७, सुदुरपश्चिम प्रदेश वन नियमावली २०७८, सुदुरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन २०७७, सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक २०८०, सामुदायिक वन विकास मार्गदर्शन २०७१, सामुदायिक वनको काठ दाउरा विक्रि वितरण निर्देशिका २०७९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका प्रावधानहरुको विषयमा अभिमुखिकरण गराउनु पर्नेछ। यसमा विनियोजन भएको रकम कार्य सञ्चालन निर्देशिका २०७७ (अर्थ मन्त्रालय)वन तथा वातावरण मन्त्रालयले तालिम/गोष्ठीको लागि तयार गरेको नर्मसको आधारमा रकम खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदनको साथमा फोटोहरू समेत समाबेश गर्नुपर्ने छ ।

**उपलब्धिहरू:**यो क्रियाकलाप सम्पन्न भए पश्चात स्थानीय तहका जनप्रतिनिधिहरू तथा सामुदायिक वनका प्रतिनिधिहरु प्रचलित ऐन नियम सम्बन्धि जानकारी प्राप्त गर्नेछन्।

**सूचक:**सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई ,फोटोहरू।

३१.सामुदायिक वन उपभोक्ता समूहमा लेखा तथा अभिलेखिकरण तालिम

सामुदायिकवनउपभोक्ता समुहका पदाधिकारीहरूमासामुदायिक वनको कोष परिचालन र सो को श्रेस्ता व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि गर्न यस कार्यक्रममा विनियोजित रकम खर्च गरिने छ। कार्यक्रम संचालन गर्नुपूर्व डि व का मा छलफल गरी कार्यक्रम गर्ने स्थान,सहभागी,प्रशिक्षकहरू आवश्यकता तथा स्थानीय मागको आधारमा तय गरिने छ । लेखासंग सम्बन्धित कर्मचारीहरुबाट प्रशिक्षण गराईने छ। प्रशिक्षण गर्दादोहोरो लेखा प्रणालीका अतिरिक्त राजश्व प्रशासन,विगत वर्षका सामुदायिक वनको लेखापरिक्षण प्रतिवेदनमा समिक्षा गराउनु पर्ने र सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०८१,सामुदायिक वनको आर्थिक कार्यविधि निर्देशिका २०७३ मा भएका प्रावधानहरुको विषयमा अभिमुखिकरण गराउनु पर्नेछ । यसका लागि आवश्यक तयारी, पाठ्यसामाग्री संकलन,प्रशिक्षणकर्ताको व्यवस्था सम्बन्धित कार्यालयको वन प्राविधिकले मिलाउनुपर्ने छ । तालिम सम्पन्न भए पछि प्रतिवेदनको साथमा फोटोहरू समेत समाबेश गर्नुपर्ने छ । यसमा विनियोजन भएको रकम कार्य सञ्चालन निर्देशिका २०७७(अर्थ मन्त्रालय)बमोजिम खर्च गर्न सकिने छ ।

**उपलब्धिहरू :**सामुदायिक वनका पदाधिकारीहरू आफ्नो समुहकोआम्दानी र खर्चको श्रेस्ता राख्नतथा राजश्व जम्मा गर्न सक्षम हुनेछन् ।

**सूचक :** सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई,फोटोहरू।

प्रमोद भट्टराई
प्रदेश सचिव

३२. जडिबुटी विरुवा उत्पादन/खरिद र खेती विस्तार (टिमुर, चिराईतो, ओखर,श्रीखण्ड,सतुवा, सेतकचिनीतेजपात, जैतुन आदि)

यो कार्यक्रम सञ्चालन गर्दा समुदायद्वारा व्यवस्थित वन क्षेत्रमा जडिबुटी विरुवा रोपण गर्ने/गराउने गरी वन समूहहरुलाई प्राथमिकता दिईनेछ । वन समूहहरुबाट कार्यक्रम सञ्चालन हुन नसक्ने भएमा इच्छुक किसानहरुलाई समेत विरुवा वितरण गरी किसानको निजी जग्गामा जडिबुटी खेति विस्तार गर्न सकिनेछ । यसका लागी कार्यालयले उपरोक्त प्रजातीका गुणस्तरीय विरुवाहरु उत्पादन गरी वा निजी नर्सरीबाट गुणस्तरीय बिरुवा खरिद गरी वितरण गर्नु पर्नेछर रोपण गरिएका विरुवाको संरक्षण को ब्यवस्था सम्बन्धित समूह/किसान आफैले गर्नु पर्नेछ ।

विरुवा खरिद गरीलामो दुरीबाट ढुवानी गर्दा कलिला विरुवाहरुलाई असर (transportation stress) पर्न गई विरुवाको मृत्युदर बढ्ने तथा गुणस्तर परिक्षणमा समेत समस्या हुने हुँदा यस्ता विरुवाहरु उच्च गुणस्तरमा उपलब्ध भएसम्म प्रदेशभित्र रहेका निजी नर्सरीबाट विरुवा खरिदलाई प्राथमिकता दिइनेछ । विरुवा प्राप्त गर्ने वन समूह तथा किसानहरुलाई वन कार्यालयले प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ ।

**उपलब्धीहरु**: जिल्लाका विभिन्न स्थानका वन समूहबाट ब्यवस्थित वनक्षेत्र तथा किसानहरुको निजी जग्गाहरुमा जडिबुटी प्रजातिहरुको व्यवसायिक खेती विस्तार भएको हुनेछ ।

**सूचक**:कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने रकार्य संचालन गर्दा विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिमः** गुणस्तरीय विरुवाको खरिद तथा ढुवानी ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

३३.पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार कार्यक्रम (ओखर, सतुवा, टिमुर, तेजपात, चिराईतो आदि)

जिल्लामा माथि उल्लेखित मध्ये खेती विस्तार गर्न सकिने प्रजातिको पकेट क्षेत्र पहिचान गरी जडिबुटी प्रजातिहरुको खेती विस्तार गर्नेसाथैजडिबुटी खेति विस्तार कार्यमा युवाहरुलाई संलग्न गराई उच्च मूल्यका जडिबुटीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र स्थानीय स्तरमा रोजगारी श्रृजना गर्नका लागि स्थानीय पत्रिकामा नियमानुसार सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।यस कार्यक्रमको लागि स्थानीय युवाहरूलाई प्राथमिकता दिईनेछ ।

- ईच्छुक उद्यमी, किसानहरूले प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।
- प्रस्ताव छनौटको मापदण्ड तयार गरी डिभिजन वन कार्यालयमा गठित मूल्याङ्कन समितिले उत्कृष्ठ प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयलाई सिफारिस गर्नु पर्नेछ । मापदण्ड तयार गर्दा व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत,वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिने ।

प्रमोद भट्टराई
प्रदेश सचिव

- मूल्याङ्कन समितिको सिफारिसको आधारमा डिभिजन वन कार्यालयले खेती विस्तारका लागि छनौटमा पर्न सफल प्रस्तावकसंग सम्झौता गर्नु पर्नेछ ।
- कार्य संचालन गर्न डिभिजन वन कार्यालयले नियमानुसार पेश्कि रकम उपलब्ध गराउनेछ । कार्य सम्पन्न भएपछी जाँचपास प्रतिवेदनको आधारमा बाँकी रकम भुक्तानी गर्नु पर्नेछ ।
- उपयुक्त जडिबुटी प्रजातिको गुणस्तरीय विरुवा डिभिजन वन कार्यालय आफैंले खरिद गरी प्रस्तावकलाई उपलब्ध गराउन सक्नेछ ।
- कार्य सम्पन्न भएपछि कार्यस्थलको फोटो (जग्गाधनी, सहकारीको हकमा सहकारीका सदस्यहरु समेत), कार्यस्थलको अवस्थिति (जि. पि. एस. लोकेशन)सूचक सहितका अन्य उपलब्धी/प्रभावकारिता सहितको आर्थिक र प्राविधिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ ।
- प्राविधिक प्रगति प्रतिवेदनमा समावेश हुनुपर्ने कुराहरु,
  - जग्गाको कित्ता नं, फिल्डबुक, नक्सा, क्षेत्रफल, जि. पि. एस. लोकेसन
  - वृक्षारोपण गरिएका विरुवा संख्या र प्रजाति
- सम्बन्धित सब डिभिजन वन कार्यालयको प्रमुखले प्राविधिक प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गरे पश्चात डिभिजन वन कार्यालयबाट अनुगमन निरीक्षण तथा जाँचपास कार्यका लागि खटाईएको प्राविधिक कर्मचारीले स्थलगत रुपमा थप अनुगमन निरीक्षण गरी अनुगमन निरीक्षण तथा जाँचपास प्रतिवेदन पेश गर्नु पर्नेछ । जाँचपास प्रतिवेदनको आधारमा मात्र अन्तिम किस्ताको भुक्तानी दिनु पर्नेछ ।
- वृक्षारोपण गरेको स्थलमा माथि उल्लेखित विवरण सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नु पर्नेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लाका विभिन्न स्थानका किसानहरुको निजी जग्गाहरुमा जडिबुटी प्रजातिहरुको व्यवसायिक खेती विस्तार भएको हुनेछ ।

**सूचक:**कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने रकार्य संचालन गर्दा विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम**गुणस्तरीय विरुवाको खरिदमा ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

### ३४.वृक्षारोपण तथा घेरबार कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट तथा कार्यक्रमको उद्देश्य नाङ्गो, खाली, हैसियत बिग्रेको वन क्षेत्रहरुमा स्थानीय हावा पानी सुहाउदो गुणस्तरीय बिरुवाहरु रोपण गर्नुका साथै सो क्षेत्रको संरक्षणार्थ तारबार समेत गर्नु रहेको छ ।यो क्रियाकलाप संचालनका लागि सब डिभिजन वन कार्यालयहरुबाट आ आफ्नो कार्यक्षेत्रमा वृक्षारोपण गर्नु पर्ने स्थलहरुको नक्सा सहित को लागत विवरण डिभिजन वन कार्यालयमा पेश गर्नु पर्ने छ ।यसरी प्राप्त भएको प्रस्तावित वृक्षारोपण स्थलहरु उपर डिभिजन वन कार्यालयमा छलफल भई तत्काल वृक्षारोपण गर्नुपर्ने (सम्भावित अतिक्रमण को जोखिम बाट बचाउन, चरिचरणको समस्यालाई नियन्त्रण गर्न,

प्रमोद भट्टराई
प्रदेश सचिव

पहिरो तथा भूक्षय नियन्त्रण गर्न, नदि कटानबाट जोगाउन) क्षेत्रहरुको प्राथमिकीकरण गरी बजेटको उपलब्धताको आधारमा क्रमस वृक्षारोपण गर्नुपर्नेछ । यो क्रियाकलाप संचालन गर्दा प्रचलित नर्मस बमोजिम लागत अनुमान तयार गरी स्वीकृत भएपश्चात नियमानुसार संचालन गर्नुपर्नेछ ।यो क्रियाकलाप संचालन गर्दा आवश्यकता अनुसार स्थानीय समुदाय, वन उपभोक्ता समुहहरु, स्थानीयतहसंग समेत सहकार्य गर्न सकिनेछ ।

सकिनेछ। यस कार्यका लागि डिभिजन वन कार्यालयद्धारा सञ्चालित नर्सरीमा मौज्दात रहेको विरुवाको उपयोग गरिनेछ। नर्सरीमा विरुवा मौज्दात नरहेको खण्डमा निजी नर्सरीबाट विरुवा खरिद समेत गर्न सकिनेछ । यस शीर्षकमा विनियोजित वजेट आवश्यकता अनुसार विरुवा खरिद, ढुवानी, वृक्षारोपण क्षेत्रको तयारी तथा वृक्षारोपण, सिमेन्ट पोल वा फलामको एङ्गल वा काठको पोल सहितको तारवार जस्ता कार्यमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न पश्चात् जि.पि.एस लोकेशन, नक्शा, फोटोहरु आदि अनिवार्य पेश गर्नु पर्नेछ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् नागों तथा खाली क्षेत्रहरुमा तारबार सहित वृक्षारोपण भएको हुनेछ । हरियाली प्रवर्धन भएको हुनेछ, स्थानीय स्तरमा रोजगारी सृजना भएको हुनेछ सम्भाब्य अतिक्रमण तथा चरिचरणबाट वन क्षेत्र जोगिएको हुनेछ ।

**सूचक** :कार्यसम्पन्न प्रतिबेदन, जाचपास प्रतिबेदन,डोर हाजिरी, विल भरपाई,फोटोहरु ।

## ३५.कबुलियती वनको कार्ययोजना नबिकरण

वन ऐन, २०७६ तथावन नियमावली, २०७९, सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ तथा नियमावली, २०७८ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरागरी कार्ययोजनाको म्याद समाप्त भएका कबुलियती वनको कार्ययोजना नवीकरण कार्य यस शीर्षकवाट गरिनेछ ।कार्ययोजना पुनरावलोकन कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । प्रदेश स्तरका डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ।साथै कार्ययोजना नवीकरण गर्दा कबुलियती वन समूहहरुसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।यसमा उपलब्ध बजेटबाट वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्चर कार्ययोजना तयारीको लागि टाइपिङ, प्रिन्टिङ र बाईन्डिङमा खर्च गर्नुपर्नेछ ।

**उपलब्धीहरु**:यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालय अन्तरगत दर्ता भई कृयासिल रहेका कबुलियती वनहरु मध्ये वन ब्यबस्थापन कार्ययोजनाको म्याद समाप्त भएका कबुलियती वनका कार्ययोजनाहरु नविकरण भएका हुनेछन् ।

**सूचक**:विल भरपाईहरु,स्वीकृत कार्ययोजनाको किताब ।

## ३६.बाँस बिरुवा खरिद तथा रोपणका लागि वितरण कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट बाट कम्तिमा एक बर्ष उमेर पुरा भएका (बिउबाट वा कटिंगबाट वा राइजोमबाट) गुणस्तरीय बाँसका बिरुवाहरु प्रचलित कानुन बमोजिम दर्ता भइ संचालनमा रहेका निजि

२०

प्रमोद भट्टराई
प्रदेश सचिव

नर्सरीहरु बाट नियमानुसार खरिद गरी पहिरो, भू क्षयको प्रकोप रहेको क्षेत्रहरु तथा नदि कटानबाट प्रभावित क्षेत्रहरुमा वृक्षारोपण प्रयोजनार्थ सम्बन्धित किसान, वन उपभोक्ता समुहहरुलाई वितरण गरिनेछ । साथै आफ्नो निजी जग्गामा बाँस प्रजातिको खेती बिस्तार गरि उद्धमी बन्न चाहने इच्छुक किसानलाई समेत बाँस बिरुवा वितरण गर्न सकिनेछ ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् पहिरो, भू क्षय र नदि कटान नियन्त्रणमा टेवा पुगेको हुनेछ।

**सूचक** :कार्यसम्पन्न प्रतिबेदन, जाचपास प्रतिबेदन,विल भरपाई,फोटोहरु ।

## ३७.धार्मिक वन समूहको नया दर्ता तथा कार्ययोजना हस्तान्तरण

यो शीर्षकमा विनियोजन भएको रकम प्रचलित वन ऐन, नियमावली वमोजिम नयाँ धार्मिक वन उपभोक्ता समूह गठन गर्ने, उक्त धार्मिक वन दर्ता गर्ने तथा वन कार्ययोजना तयारी गर्ने कार्यमा खर्च गरिने छ । यसको लागि समूह बैठक,वन स्रोत सर्वेक्षणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरीद, संयुक्त रुपमा सम्बन्धित धार्मिक वन समूहसंग वन भ्रमण गरी नक्सा तयारी गर्ने, कार्ययोजना तयारी गर्नको लागि वन स्रोत सर्भेक्षण गर्ने, भेला वैठक आदिको लागि रकम खर्च गर्न सकिनेछ । यस कार्यको लागि विधान एवम् वन कार्ययोजना तयारी कार्यमा फिल्डमा खटिने कर्मचारीहरुको लागि खाना/खाजा तथा कार्ययोजनाको मस्यौदा तयारी गर्नको लागि आवश्यक रकम,मसलन्द सामाग्रीहरु, प्रिन्टिङ्ग, वाईण्डिङ्ग तथा भेला वैठकमा चिया नास्ताको लागि समेत आवश्यकतानुसार रकम खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा तयार गरिएको कार्ययोजना/विधान, नक्साहरु तथा फोटोहरु पेश गर्नु पर्नेछ ।

**उपलब्धीहरुः**यो कृयाकलाप सम्पन्न भए पश्चात्धार्मिक वनमा आबद्ध निकाय तथा समुदाय वन क्षेत्रको संरक्षणमा सक्रीय रुपमा सहभागी भई वनको समुचित व्यवस्थापनमा टेवा पुगेको हुनेछ ।

**सूचकः**धार्मिक वन उपभोक्ता समूह दर्ता प्रमाण पत्र, धार्मिक वन हस्तान्तरणको प्रमाण पत्र र स्वीकृत विधान तथा कार्ययोजना किताब आदि ।

## ३८.सब डिभिजन स्तरीय योजना तर्जुमा तथा समिक्षा गोष्ठी

सब डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र रहेका वन उपभोक्ता समुहहरु, वन वातावरणसंग सरोकार राख्ने सरोकारवाला समेतको सहभागितामा यो गोष्ठी संचालन गरिनेछ ।गोष्ठीमा सरोकारवालाहरुबाट माग भएका योजनाहरुबाट प्राथमिकताको आधारमा उपयुक्त योजनाहरु छनौट गरि आगामी आर्थिक बर्षको बजेट तर्जुमामा समाबेश गर्नका लागि डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ । यस शिर्षकमा विनियोजित वजेट सहभागीहरुको भत्ता, खाजा, स्टेसनरी, हल भाडा, संचार, इन्धन आदिमा खर्च गर्न सकिनेछ ।

**उपलब्धीहरुः** यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयको आगामी आर्थिक बर्षको प्रस्तावित कार्यक्रम तथा बजेटको खाका तयार भएको हुनेछ ।

**सूचक** :उपस्थिति विवरण, छनौट भएका योजना संलग्न प्रतिबेदन,विल भरपाई,फोटोहरु ।

२१

प्रमोद भट्टराई
प्रदेश सचिव

३९.सा.व.उ.स. का पदाधिकारीहरुलाई प्रचलित वन ऐन, आर्थिक विधेयक, नियमावली, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखीकरण

सामुदायिक वनमा क्रियाशील कार्यसमितिका पधाधिकारीहरुको क्षमता अभिवृद्धी तथा सशात्तिकरण गरी वन ब्यबस्थापान कार्यलाई प्रभावकारी बनाउनुका साथै सामुदायिक वन उपभोक्ता समुहमा सुशासन कायम गर्ने उद्देश्यले प्रचलित वन ऐन तथानियमावली, सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक २०८०, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ मा भएका व्यवस्था तथा प्राबधानहरुका बिषयमा अभिमुखीकरण गर्न यो क्रियाकलाप संचालन गरिनेछ । यो क्रियाकलाप संचालन गर्दा सम्बन्धित डिभिजन/सब डिभिजन वन कार्यालयले यो अभिमुखीकरण कार्यक्रम आवश्यक रहेका बिभिन्न समुहहरु पहिचान गरी, पहिचान भएका समुहका पदाधिकारीहरुलाइ सहभागी गराई संचालन गर्नुपर्ने छ ।

यसमा विनियोजन भएको रकम कार्य सञ्चालन निर्देशिका २०७७(अर्थ मन्त्रालय), वन तथा वातावरण मन्त्रालयले तालिम/गोष्ठीको लागि तयार गरेको नर्मसको आधारमा रकम खर्च गर्न सकिने छ ।कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदनको साथमा फोटोहरू समेत समाबेश गर्नुपर्ने छ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात सा.व.उ.स. का पदाधिकारीहरुलेप्रचलित ऐन नियम सम्बन्धि जानकारी प्राप्त गरी राजश्व संकलन, वन ब्यबस्थापन र सुशासन प्रबर्धनमा टेवा पुगेको हुनेछ ।

**सूचक** : उपस्थिति विवरण, बिल भरपाई, फोटोहरु ।

४०.घोडाघोडी पंक्षी अभयारण्य क्षेत्रका चोरी शिकारी नियन्त्रण दल परिचालन (घोडाघोडी पंक्षी अभय आरण्य क्षेत्र संरक्षण र ब्यबस्थापन कार्यक्रम)

यो कार्यक्रम संचालन गर्दा स्थानीय स्तरमा गठित वा आवश्यकता अनुसार गठन गरिने चोरी शिकारी नियन्त्रण इकाईमा आवद्ध हुने इकाईका सदस्यहरुलाई घोडाघोडी पंक्षी अभयारण्य क्षेत्रमा हुन सक्ने सम्भावित चोरी शिकारी, चोरी निकासी, अतिक्रमण लगायतका प्रचलित बन ऐन नियम बिपरितका क्रियाकलापहरु न्यूनीकरण गर्न ब्यापक रुपमा गस्ती परिचालन तथा सुराकी परिचालन गर्न सकिनेछ । यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट कार्यालय संचालन/खाजा खर्च/फिल्ड गियर/बैठक खर्च/इन्धन/औषधि किट, साईकल, रिचार्ज कार्ड खरिद आदि जस्ता कार्यमा खर्च गर्न सकिने छ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात स्थानीय स्तरमा गठित चोरी शिकारी नियन्त्रण दलहरुको हौसला समेत बढ्न गई घोडाघोडी पंक्षी अभय आरण्य क्षेत्रकोसंरक्षणमा थप बल पुग्ने तथा सो क्षेत्रमा प्रचलित बन ऐन नियम बिपरितका क्रियाकलापहरु न्यूनीकरण गर्न सहज भएको हुनेछ ।

**सूचक** :चोरी शिकारी नियन्त्रण इकाईको नामावली, निर्णयहरु, बिल भरपाई, गस्ती रजिस्टर, फोटोहरु ।

४१.घोडाघोडी पंक्षी अभयारण्य क्षेत्रमा रहेका मिचाहा प्रजाति हटाउने कार्य (घोडाघोडी पंक्षी अभय आरण्य क्षेत्र संरक्षण र ब्यबस्थापन कार्यक्रम)

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट घोडाघोडी पंक्षी अभयारण्य क्षेत्र तथा उक्त क्षेत्रमा रहेका ताल तलैया र पोखरीहरुमा हुने बेसरम/जलकुम्भी/झार तथा अन्य मिचाहा प्रजातिहरूलाई स्थानीय स्तरमा

२२ चैत्र

प्रमोद भट्टराई
प्रदेश सचिव

उपलब्ध कामदार तथा सामुदायिक वन उपभोक्ता समुहका उपभोक्ताहरुको परिचालन गरी हटाउन तथा सो कार्यका लागि आवश्यक डोरी/आँसी/कोदालो आदि जस्ता सामग्री खरिद, डुंगा मर्मत, खाजा नास्ता, इन्धन, भत्ता आदि कार्यमा खर्च गर्न सकिनेछ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात घोडाघोडी पंक्षी अभय आरण्य क्षेत्रमारहेका मिचाहा प्रजातिहरू हटाई वासस्थान ब्यबस्थापन तथा सो क्षेत्रमा अवस्थित पोखरी एबं ताल तलैयाहरुको उचित संरक्षण भएको हुनेछ ।

**सूचक** : बिल भरपाई, जांचपास प्रतिबेदन, निर्माण सम्पन्न प्रतिबेदन, फोटोहरु ।

## ४२.स्थायी नर्सरी निर्माण

यस कार्यक्रम अन्तर्गत नयाँ स्थायी प्रकृतिको नर्सरी निर्माण गर्नुपर्नेछ । खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्मस तथा जिल्ला दररेट बमिजिम गर्नुपर्नेछ ।नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरि नामाकरण गरि Layout देखिने गरि बोर्ड राख्नु पर्नेछ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चातप्राबिधिक दृष्टिकोणबाट उपयुक्त स्थानमा स्थायी नर्सरी निर्माण भई स्थानीय माग बमोजिमका बिरुवा उत्पादन कार्यहरु संचालन भएको हुनेछ ।

**सूचक** :आवश्यकबिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, जांचपास प्रतिवेदन, फोटोहरु आदि।

## ४३.उत्कृस्ट सामुदायिक वन उपभोक्ता समूह पुरस्कार

सामुदायिक वन बिकास कार्यक्रमको मार्गदर्शन, २०७१ कोअनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकहरु तथा सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक २०८० को प्रावधान अनुसार समूहले जम्मा गर्नुपर्ने राजश्वको अवस्था जस्ता आधारमासामुदायिक वन उपभोक्ता समुहलाई प्रथम, दोस्रो तथा तेश्रो पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुपर्ने छ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात यसले उत्कृष्ट कार्य संचालन गरि पुरस्कृत हुने समुहलाई थप हौसला प्रदान हुनुका साथै अन्य सामुदायिक वन उपभोक्ता समूहलाई समेत उत्कृष्ट कार्य संचालन गर्न हौसला र प्रेरणा प्रदान गर्नेछ ।

**सूचक** :पुरस्कार प्रदानगरिएका सामुदायिक वन उपभोक्ता समुहहरुको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण तथा सिफारिस, आवश्यकबिल भरपाई, प्रमाण पत्र ,फोटो आदि।

## ४४.कृषि वन प्रबर्धन कार्यक्रम (बादर/दुम्सी/बदेल/चितुवा प्रभावित क्षेत्रहरुमा)

बाँदर, चितुवा, दुम्सी, बँदेल लगायतका वन्यजन्तुहरुको प्रकोप बढी भएका तथा सडक संग जोडिएका वन क्षेत्रहरुको पहिचान गरि ती वनक्षेत्रको वरिपरी २ तहमा डालेघाँस फलफुल रोपण कार्य तथा घाँस बिउ तथा फलफुल बिरुवा खरिद तथा वृक्षारोपण कार्यको नर्मस अनुसारवन समूह तथा स्थानीय किसानहरुको सहभागितामा सम्पन्न गर्नसकिनेछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात किसानका खरबारी, कबुलियती वन, सामुदायिक वनहरुमा डाले घास र जंगली फलफुलको प्रबर्धन भई केहि वर्षपछि वन्यजन्तुको आहारको व्यवस्था वन क्षेत्रमा नै हुने र किसानको अन्न बालि नोक्सान हुन बाट रोक्न टेवा पुगेको हुनेछ ।

**सूचक** : जांचपास, कार्यसम्पन्न प्रतिबेदन,बिल भरपाई, फोटो आदि ।

## ४५.फोकल टिम बैठक

वन तथा वातावरण मन्त्रालयबाट २०६९ सालमा तयार भएको कार्यविधि अनुसार गठन भएको फोकल टिमको बैठक आवश्यकता अनुसार बस्नु पर्नेछ र सो बैठक संचालन तथा ब्यबस्थापनमा यो शिर्षकको रकम खर्च गर्न सकिनेछ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात फोकल टिम गठन भई जडिबुटी बिकास कार्यक्रम कार्यन्वयनमा सहजीकरण भएको हुनेछ ।

**सूचक** :उपस्थिति विवरण, बिल भरपाई, फोटो आदि ।

## ४६.मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि धार्मिक वनमा घेरवारतथा पूर्वाधार निर्माण

जिल्लामा विधिवत रूपमा दर्ताभिएका धार्मिक वनको संरक्षण तथा सो क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि घेरवार गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । कार्यक्रम सञ्चालनार्थ मानव वन्यजन्तु द्वन्द्वको समस्या रहेका तथा सोलाई न्यूनिकरण गर्न घेरबार तथा पूर्वाधार निर्माण गर्न आवश्यक रहेका धार्मिक बनहरुबाट प्रस्ताव/निवेदन माग गर्नका लागि सम्बन्धित डिभिजन वन कार्यालयबाट सूचना प्रकाशन गर्नु पर्नेछ ।प्राप्त हुन आउने प्रस्ताव/निवेदनहरु बिश्लेषण गरी निवेदन पेश गर्ने धार्मिक वनहरुमा उक्त कार्यको आवश्यकता तथा औचित्यता र बजेटको उपलब्धताको आधारमा कार्यसञ्चालनका लागि डिभिजन वन कार्यालयले धार्मिक वन छनौट गर्नु पर्नेछ । धार्मिक वनको संरक्षण तथा मानव वन्यजन्तु द्वन्द्वको अवस्थाका आधारमा प्राविधिक राय एवं धार्मिक उपभोक्ता समितिको निर्णय बमोजिमको धार्मिक वनको क्षेत्रमा घेरबार गरिने छ । घेरबारका लागि उपलब्ध बजेटका आधारमा प्रचलित दररेट बमोजिम प्राविधिक लागत अनुमान तयार पारिने छ र सोही स्विकृत लागत अनुमान बमोजिमको कार्य सोही धार्मिक वन समूहसँग सम्झौता गरी धार्भिक वन समूह मार्फत सम्पन्न गर्न सकिने छ । यदी कुनै कारणबस धार्मिक संस्थाबाट कार्य संचालन गर्न सम्भव नभएमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रही निर्माण ब्यावसायी छनोट गरी कार्यान्वयन गर्न सकिनेछ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात सो धार्मिक वनको संरक्षणमा टेवा पुगेको हुनेछ ।

**सूचक** : जाँचपास प्रतिबेदन, कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई, फोटो आदि ।

## ४७. धार्मिक क्षेत्रमा श्रृखण्ड लगायत विरुवा वृक्षारोपण

विभिन्न मन्दिर लगायतका धार्मिक सँस्थाहरुको आफ्नो भोगचलनमा रहेको खाली जग्गामा श्रृखण्ड लगायत धार्मिक महत्वकाविरुवाहरु रोपण गरी हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ

२४

प्रमोद भट्टराई
प्रदेश सचिव

।वृक्षारोपण कार्यका लागी  उपलब्ध बजेटका आधारमा प्रचलित दररेट बमोजिम प्राविधिक लागत अनुमान तयार पारिने छ । यस शिर्षकमा विनियोजित रकम विरुवा खरिद, खाडल खन्ने कार्य, मल खरिदर विरुवा रोपण तथा तारबार लगायतका कृयाकलापहरुमा खर्च गरिनेछ । यो कार्यक्रम सञ्चालन गर्न इच्छुक धार्मिक सँस्थाबाट माग भै डिभिजन वन कार्यालयमा निवेदन पेश गरेमा वन प्राविधिकबाट उक्त क्षेत्रको स्थलगत निरिक्षण गरी कार्यक्रम कार्यान्वयनका लागी उक्त क्षेत्र उपयुक्त देखिएमा डिभिजन वन कार्यालयले उक्त सँस्थासँग सम्झौता गरी सोहि धार्मिक सँस्थामार्फत कार्य सञ्चालन गर्न सकिने छ । कार्यक्रम सञ्चालनका लागी धार्मिक सँस्थाबाट समेत लागत साझेदारी गर्न सकिनेछ ।

**उपलब्धिहरू** :यो क्रियाकलाप सम्पन्न भए पश्चात सो धार्मिक सँस्थाको क्षेत्रमा धार्मिक महत्वका विरुवाहरु रोपण भई हरियाली प्रवर्द्धन भएको हुनेछ।

**सूचक** : जाँचपास प्रतिबेदन, कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई, फोटो आदि ।

## ४८. जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारीत उद्योग सम्बन्धित सम्भाव्यता अध्ययन

सूदूरपश्चिम प्रदेश भौगोलिक हिसाबमा विविधता भएको प्रदेश भएको कारण यो क्षेत्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा धनी मानिन्छ । उपलब्ध वन श्रोतको उचित र विवेकपूर्ण उपयोग गर्नवन श्रोतको माध्यामबाट स्थानीय समुदायको जिविकोपार्जनमा सहयोग गर्न प्रदेशको अर्थतन्त्रमा थप टेवा पुर्याउन उद्योगधन्दाको स्थापना गर्नुपर्ने भई सो को लागि दीगो रुपमा आवश्यक कच्चा पदार्थको आंकलन गर्न र परिमाण एकिन गर्ने उद्देश्यले यो क्रियाकलाप तय गरिएको हो ।परामर्शदाता मार्फत उद्योग स्थापनाको लागि आवश्यक परिमाण पुग्न सक्ने सुदूरपश्चिम प्रदेश भरी सम्भाव्य कम्तिमा ५(पाँच) वटा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारहरुको परिमाण सहितको सम्भाव्यता अध्ययन गराइने छ । यसमा विजियोजित बजेट प्रचलित खरीद कानून बमोजिम खर्च गरिनेछ ।

अपेक्षित उपलब्धीः सुदूरपश्चिम प्रदेशको उपयुक्त स्थानमा गैरकाष्ठ वन पैदावारमा आधारित मझौलास्तरको उद्योग स्थापना गर्न आवश्यक कच्चा पदार्थको परिमाण र प्रजातिको सम्भाव्यता अध्ययन भई उद्योग स्थापनामा नीतिगत सहयोग हुने छ ।

## ४९. अनुसन्धान कार्यका लागि बिद्यार्थीहरुलाई सहयोग

वन तथा वातावरण क्षेत्रमा सैद्धान्तिक एवं व्यवहारिक हिसाबले योग्य एवम् दक्षमानव संशाधनको विकास गर्नका लागि अध्ययन तथा अनुसन्धान कार्यलाईप्रभावकारी बनाउन जरुरी छ। यसको लागि नेपालका विश्वविद्यालयहरुमा स्नातक तथा स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत ४ जना विद्यार्थीहरुलाई वन संरक्षण तथा व्यवस्थापन, जलवायू परिवर्तन, रेड प्लस, वातावरणीय सेवा भुक्तानी, जडीवुटी, जैविक विविधता,भू तथा जलाधार क्षेत्र व्यवस्थापन लगायत वन तथा वातावरणसँग सम्बन्धित अन्य विषयहरुमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गर्नयस शीर्षको रकम खर्च गर्न सकिने छ। यसबाट विद्यार्थीको

प्रमोद भट्टराई
प्रदेश सचिव

शोधपत्र तयार गर्ने कार्यमा पनि सहयोग हुने र मन्त्रालयको कार्यक्षेत्रमा समेत सहयोग पुग्ने र प्राप्त तथ्याङ्क एवं प्रतिवेदनले मन्त्रालयको योजना तर्जुमामा समेत सहयोग पुग्ने अपेक्षा लिइएको छ ।यसकालागि यसै प्रदेशमा अध्ययन अनुसन्धानक्षेत्र बनाएका विद्यार्थीहरूलाई दिइनेछ।

यसको लागि मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्नतपसिल बमोजिमको एक प्राविधिक समिति रहने छ। सो समितिले सोधकर्ताहरुबाट प्राप्त हुन आएका प्रस्तावहरुको छनौट तथा मूल्याङ्कनका गरी स्वीकृतिको लागि पेश गर्नु पर्नेछ । शोधपत्र स्वीकृत भईसकेपछि स्नातकोत्तर तहको लागि प्रति विद्यार्थी रु ७५ हजारसम्म र स्नातक तहको लागि प्रति विद्यार्थी रु ५० हजार सम्म भुक्तानी दिईने छ।छनौट भएका विद्यार्थीलाई दुइ किस्तामा रकम उपलब्ध गराउन सकिनेछ ।

तपसिल

संयोजकः प्रमुख/अधिकृत प्रतिनिधि,विज्ञान प्रविधि तथा जलवायु परिवर्तन महाशाखा,उ.प.व.वा.मन्त्रालय
सदस्य : अधिकृत प्रतिनिधि, वन निर्देशनालय
सदस्य : लेखा अधिकृत, उ.प.व.वा.मन्त्रालय
सदस्य : अधिकृत प्रतिनिधि, वनअनुसन्धानतथाप्रशिक्षणकेन्द्र
सदस्यसचिव : योजना अधिकृत, योजना शाखा, उ.प.व.वा.मन्त्रालय
आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

**उपलब्धीहरु:**यो कृयाकलाप सम्पन्न भए पश्चात् विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत ४ जना विद्यार्थीहरुले शोधपत्र अध्ययन तथा प्रतिवेदन तयारीका लागि मन्त्रालयबाट आर्थिक सहयोग प्राप्त गरेका हुनेछन् । प्रदेश अन्तरगतका विभिन्न क्षेत्रहरुमा वन वातावरण तथा जैविक विविधता सम्बन्धी विभिन्न विषयहरुमा खोज अनुसन्धान गरी तयार गरिएको प्रतिवेदनहरु ब्यबहारीक रुपमा उपयोगमा आएका हुनेछन् ।

**सूचक:**प्रस्तावहरु, प्रस्तावको मूल्याङ्कन तथा निर्णयहरु, प्रतिवेदनका किताबहरु,विल भरपाईहरु, फोटोहरु।

**जोखिम:**मन्त्रालयको आवश्यकता भन्दा पनि विद्यार्थीको लागि सहज हुने विषयमा अध्ययन अनुसन्धान हुन सक्ने ।

## ५०. कर्मचारीहरुको टीम विल्डिङ्गः

कार्यालयमा कार्यरत कर्मचारीहरु वीच आपसी समन्वय, सहकार्य, सहयोग र सकारात्मक उर्जा प्रवाह गर्न यो कार्यशाला आयोजना गरिने छ । कार्यालयका कर्मचारीहरु वीच समुहगत भावना जगाइ कार्यालयको काम कारवाहीमा पूर्ण प्रतिफल हासिल गर्ने उद्देश्यले यो क्रियाकलाप समावेश गरिएको हो । यसमा विनियोजित बजेट विषय विज्ञलाई सहजिकरण भत्ता, यातायात खर्च, आवश्यक सामाग्री खरीद, प्रतिवेदन लेखन, सहभागी र प्रशिक्षकतथा अन्य सहयोगी कर्मचारीहरुको लागि आवास खर्च, खाना, नास्ता खर्च जस्ता कार्यमा खर्च गरिने छ । विनियोजित बजेटको उपलब्धताका आधारमा मन्त्रालय र मातहतका कर्मचारीहरु समेतलाई सहभागी गराउन सकिनेछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

**अपेक्षित उपलब्धी**:सहभागी सबै तहका कर्मचारीहरु वीच सहकार्य, समन्वय, सह-अस्तित्व र सहयोगको भावनामा सकारात्मक परिवर्तन भई कार्यकुशलता र कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता आउने ।

**सूचक** : कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई, फोटो आदि ।

## ५१. समस्याग्रस्त बाघ पक्रनको लागि आवश्यक पर्ने Vith (सेतो कपडा) लगायत वन्यजन्तु उद्दार सामाग्री खरीदः

पछिल्लो समयमा प्रदेश अन्तरगतका तराइ क्षेत्र लगायतका जिल्लाहरुमा पाटेबाघ लगायतका वन्यजन्तुहरुको संख्यामा वृद्धि भएका कारण मानव वन्यजन्तु द्वन्द्व बढ्दै गइरहेको छ । पाटेबाघको आक्रमणबाट विभिन्न समयमा विभिन्न स्थानमा मानवीय क्षति समेत भएको देखिन्छ । समस्याग्रस्त पाटेबाघलाई सावधानिपूर्वक नियन्त्रणमा लिनका लागी समस्याग्रस्त पाटेबाघ रहेको स्थानलाई चारैतिरबाट घेराहाल्ने प्रयोजनको लागि Vith (सेतो कपडा) तथा अन्य उद्दारसँग सम्बन्धित सामाग्री आवश्यक पर्दछ । यस्ता सामाग्री खरिद गर्नु पर्दा पाटेबाघ उद्दार कार्यमा संलग्न ब्यक्ति/संस्थासँग आवश्यक जानकारी लिई यस्ता सामाग्रीहरु प्रचलित कानून अनुसार खरिद गरिनेछ । खरिद गरिएका यस्ता सामाग्रीहरु आवश्यकता अनुसार निकुञ्ज लगायतका वन्यजन्तु उद्दार कार्यमा संलग्न निकायहरुलाई प्रयोग गर्न समेत दिन सकिनेछ ।

**अपेक्षित उपलब्धी**:Vith (सेतो कपडा) तथा अन्य उद्दारसँग सम्बन्धित सामाग्री खरिद भएको हुनेछ ।

**सूचक** : बिल भरपाई, फोटो आदि ।

## ५२.वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि फिल्ड अभ्यास तथा डेमो

वनजंगलमा प्रायः वर्षेनी विभिन्न कारणबाट वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आइरहेको छ । हरेक वर्ष फाल्गुण देखि जेष्ठसम्मको अवधि वन डढेलो लाग्ने मौसम हो । प्रत्येक वर्ष नेपालमा प्रशस्त वन जंगल वन डढेलोबाट नाश भई रहेको छ । कतिपय अवस्थामा वन डढेलोको प्रकोप मानिसको नियन्त्रण भन्दा वाहिर जाने र धनजनको क्षती समेत हुने गर्दछ ।वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि सरकारी निकाय,गैह्रसरकारी संघसंस्था, वन उपभोक्ता समुह, नागरिक समाजको संयुक्तप्रयास आवश्यक हुन्छ । विशेषतः वन उपभोक्ता समुहहरु यस कार्यमा सक्रिय र जागरुक हुनुअत्यन्तै आवश्यक हुन्छ । तसर्थ वन समुहका उपभोक्ताहरुलाई वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी ज्ञान सीप हस्तान्तरण गर्ने र तत् सम्बन्धी सचेतना जोगाउने यसकार्यक्रमको मूल उद्देश्य रहेको छ । यसको निम्ती अभ्यासको लागि उपयुक्त हुने वनक्षेत्रको छनौट गरी स्थलगत रुपमै वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धीको ज्ञान सीप दिने, प्रज्वलनशील पदार्थहरु संकलन गर्ने गराउने, नियन्त्रित आगो लगाउने, अग्नी नियन्त्रण सामाग्री तथा उपकरणहरुको प्रयोग एवम् संचालन सम्बन्धि अभ्यास गराउने,प्रतिरोधी आगो (Counter Fire) लगाउने, वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्ययोजना निर्माण गर्ने जस्ता कार्यहरु गरी फिल्ड अभ्यास गराउने र डेमो देखाउने गरी यो कार्यक्रम संचालन गर्नुपर्ने छ ।यस शिर्षकमा विनियोजित बजेट तालिम सामाग्री खरीद, प्रशिक्षण भत्ता, खाना/खाजा खर्च, पानी, इन्धन, अग्नी नियन्त्रण सामाग्रीको ढुवानी जस्ता कार्यमा खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी**:वनडढेलोरोकथामतथानियन्त्रणको कार्यमा सरोकारवाला तथा वन उपभोक्ताहरुले ज्ञान सीप हासिल गरी वनडढेलोरोकथामतथानियन्त्रणमा व्यवहारीक रुपमा सबल भएका हुनेछन् ।

**सूचक**:फोटोहरु, विल भरपाई, कार्यसम्पन्न प्रतिवेदन आदि ।

प्रमोद भट्टराई
प्रदेश सचिव

## ५३.अतिक्रमण नियन्त्रण सम्बन्धी औजार उपकरण खरीद तथा व्यवस्थापन

तिव्र जनसंख्या वृद्धि, बढ्दो शहरीकरण तथा विकास निर्माण सँगैवनक्षेत्र माथिको चाप बढ्दै गइरहेको छ भने वन अतिक्रमणको चुनौती थपिएको छ ।अतिक्रमित क्षेत्रलाई वनक्षेत्रको रुपमा पुनस्थापित, संरक्षण र व्यवस्थापन गरी जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्न मद्दत गर्नु यस कार्यक्रमको मूल उद्देश्य हो ।अतिक्रमित वनक्षेत्रबाट अतिक्रमण गर्ने व्यक्ति तथा घर टहराहरु हटाई पुनः वनक्षेत्र कायम गर्नु पर्ने र सीमा छुट्याउन ट्रेन्च समेत खन्नुपर्ने हुन्छ । यस कार्यको लागि Excavator जस्तामेशिनरीहरुको आवश्कता पर्दछ । अतिक्रमण नियन्त्रण स्थानीय बासिन्दासँग जोडिएको विषय भएकोले तत्काल स्थानीय तह वा व्यक्तिहरुले भाडामा उपलब्ध गराउन आनाकानी गर्ने, हिचकिचावट गर्ने हुँदा काममा बाधा अड्चन आउने, वनकर्मी लगायत सुरक्षाकर्मीहरुले बाधा अड्चन झेल्नुपर्ने र फलस्वरुप वन अतिक्रमण नियन्त्रणको कार्य नै प्रभावित हुने हुँदा सो कार्यको लागि आफ्नै औजार उपकरण चाहिने भएकोले Excavator जस्ता औजार उपकरण खरीद गर्न, औजार संचालनको लागि अपरेटर/चालक, इन्धन, अतिक्रमण नियन्त्रण कार्यमा खटिने जनशक्तिको लागि खाना, खाजा, खाने पानी र जनशक्ति परिचालन तथा ब्यवस्थापन गर्ने कार्यका लागि खर्च गर्न सकिने छ ।तत्कालExcavator चालक भर्ना गर्न सक्ने अवस्था नभएमासम्बन्धित कार्यालयको वन अतिक्रमण नियन्त्रण कार्यक्रममा विनियोजित बजेटबाट अपरेटर/चालक ज्यालादारीमा लिई कामकाजमा लगाउन सकिने छ । सो उपकरण आवश्यकता अनुसार वन निर्देशनालय मातहतका निकायबाट वन अतिक्रमण नियन्त्रण गर्ने कार्यमा उपयोग गरिने छ ।प्रचलित खरीद कानुन बमोजिम खरीद प्रक्रिया अघि बढाइने छ।

**अपेक्षित उपलब्धी**:Excavator खरीद भई वन निर्देशनालय मातहतका निकाय/कार्यालयहरु बाट गरिने वन अतिक्रमण रोकथाम, नियन्त्रण तथा पुनर्स्थापना कार्य सहज र प्रभावकारी हुने ।

**सूचक**:Excavator खरीदको विल, आदि ।

## ५४.जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्योग सम्बन्धित सम्भाव्यता अध्ययन

सूदूरपश्चिम प्रदेश भौगोलिक हिसाबमा विविधता भएको प्रदेश भएको कारण यो क्षेत्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारमा धनी मानिन्छ । उपलब्ध वन श्रोतको उचित र विवेकपूर्ण उपयोग गर्न वन श्रोतको माध्यमबाट स्थानीय समुदायको जिविकोपार्जनमा सहयोग गर्न, प्रदेशको अर्थतन्त्रमा थप टेवा पुर्याउनजडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारितउद्योग स्थापना गर्नुपर्ने हुन्छ । उद्योग संचालनको लागि दीगो रुपमा आवश्यक पर्ने कच्चा पदार्थको आँकलन गर्न र परिमाण एकिन गर्ने उद्देश्यले यो क्रियाकलाप तय गरिएको हो । सुदूरपश्चिम प्रदेश भरी सम्भाव्य कम्तिमा ३(तीन) वटा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारहरुको

प्रमोद भट्टराई
प्रदेश सचिव

परिमाण सहितको सम्भाव्यता अध्ययन परामर्शदाता मार्फत गराइने छ । यसमा विजियोजित बजेट प्रचलित खरीद कानून बमोजिम खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धीः** सुदूरपश्चिम प्रदेशको उपयुक्त स्थानमा गैरकाष्ठ वन पैदावारमा आधारित मझौलास्तरको उद्योग स्थापना गर्न आवश्यक कच्चा पदार्थको परिमाण र प्रजातिको सम्भाव्यता अध्ययन भई उद्योग स्थापनाका लागि उपयुक्त स्थानको पहिचान र आवश्यक तथ्यांक उपलब्ध हुनेछ ।

## ५५ वन सम्बर्धन प्रणालीको प्रभावकारीता अध्ययन

यस प्रदेशका तराई तथा मध्य पहाडी क्षेत्रमा रहेका प्रायजसो वनहरुमा Light Demanding प्रजातिका रुखहरुको बाहुल्यता रहेको छ । साल, अस्ना, कर्मा, खोटेसल्ला लगायत प्रजातिहरुको बाहुल्यता रहेको वनक्षेत्रमा प्रायजसो बुढा र कमसल हैसियत भएका रुखहरु रहेका छन् । विगतमा केहि सामुदायिक/साझेदारी वनहरुमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन अन्तर्गत पुनरुत्पादन कटान गरिएका क्षेत्रहरु, प्राकृतिक रुपमै संरक्षण बाहेकका वन व्यवस्थापन पद्दति लागु नगरिएका वनक्षेत्रहरुतथा अन्य वन व्यवस्थापन पद्दति लागु गरिएका वनहरुको अवस्थाको तुलनात्मक अध्ययन गरी प्राप्त नतिजका आधारमा उपयुक्त वन व्यवस्थापन पद्दति लागु गर्न तथा सो का लागि नीतिगत रुपमा निर्णय लिन समेत यो अध्ययन उपयोगी हुनेछ ।

यस कार्यक्रममा विनियोजन गरिएको बजेट कैलाली र कञ्चनपुर जिल्लाका वन सम्बर्धन प्रणाली अपनाइएका र नअपनाइएका वनक्षेत्रमा Statistically acceptable स्याम्पल प्लटहरु लिई अध्ययन शुरु गर्न, फिल्ड भ्रमण,श्रोत सर्वेक्षण, तथ्याङ्क संकलन, सो को लागि आवश्यक पर्ने आवतजावतखर्च, तथ्यांक विश्लेषण, प्रतिवेदन तयारी जस्ता कार्यहरुमा खर्च गर्न सकिने छ ।यस कार्यका लागि परामर्शसेवा खरिद सम्बन्धि कार्य प्रचलित सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम गरिनेछ ।

## ५६. सामुदायिक वनको काठ दाउराको आन्तरिक विक्रि वितरणको विश्लेषण सहितको अध्ययन

सामुदायिक/साझेदारी वनबाट आन्तरिक खपतका लागि छुटयाइएको काठ दाउरा उक्त वन उपभोक्ता समुहका सदस्यहरुको घरकाज, प्राकृतिक विपद्, दाहसंस्कार, धार्मिक कार्य, स्थानीय विकासनिर्माणआदि कार्यका लागि उपयोग गरिएको हुन्छ । केहि समूहहरुमा यसरी छुट्टयाइएको काठ सोहि प्रयोजनमा उपयोग नगरी समूह बाहिर बिक्रि वितरण गर्ने गरिएको जन गुनासोहरु आउने गरेको छ ।आन्तरिक खपत प्रयोजनको लागि छुटयाइएको काठलाई अनियमित तरिकाले समूह बाहिर विक्रि वितरण गर्दा समूहलाई हुने वास्तविक आम्दानी, राजश्व, करमा नकरात्मक असर पर्ने तथा यस्ता कार्यहरु सुशासन समेत संग सम्बन्धित भएकाले यस्ता कार्यहरुको वास्तविक अवस्थाको जानकारी लिन आवश्यक छ ।आन्तरिक खपतमा वितरण

प्रमोद भट्टराई
प्रदेश सचिव

भएको काठ दाउराको वास्तविक परिमाण तथा आय सम्बन्धि तथ्यांक अध्यावधिक गर्न समेत यो अध्ययन प्रभावकारी हुने देखिन्छ । तसर्थ वार्षिक रुपमा सामुदायिक वनबाट उत्पादित काठ दाउरा कुन कुन प्रजातिको, कुन प्रयोजनको लागि, कति परिमाणमा, कुन स्तरको उपभोक्तालाई विक्रि वितरण गरिएको छ?यी काठ दाउराको सदुपयोग वा दुरुपयोगका साथै यसको अवस्थाका बारेमा जानकारी लिने, आन्तरिक खपत गर्दा कानूनी प्रावधानहरु अबलम्बन गरिएका/नगरिएका, आन्तरिक खपतलाई थप व्यवस्थित बनाउन कस्तो कार्यनीति/कार्यविधि र मापदण्ड अवलम्बन गर्न उपयुक्त हुन्छ आदिको बारेमा अध्ययन गरी नीति निर्माणमा पृष्ठपोषण दिने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।यसमा विनियोजन भएको बजेट अध्ययनकोक्रममा उपभोक्ताहरुको घरदैलो भ्रमण तथा तथ्यांक संकलन, यातायात खर्च, समुदायस्तरमा गरिने छलफल/अन्तरक्रिया,तथ्यांक विश्लेषण सहितको प्रतिवेदन तयारी जस्ता कार्यमा खर्च गर्न सकिनेछ ।यस कार्यका लागि परामर्शसेवा खरिद सम्बन्धि कार्य प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।गत आर्थिक वर्षमा आन्तरिक खपतका लागि काठ दाउरा विक्रि वितरण गरेका डिभिजन वन कार्यालय धनगढी, पहलमानपुर र कञ्चनपुर अन्तर्गतका कम्तिमा २/२ वटा सामुदायिक/साझेदारी वनहरुमा सो अध्ययन कार्य गरिनेछ ।

**अपेक्षित उपलब्धीः** सामुदायिक/साझेदारी वनबाट उत्पादित काठको आन्तरिक खपतको अवस्थाको आकलन हुने गरी अध्ययन प्रतिवेदन तयारी भई नीति निर्माणमा टेवा पुग्ने छ ।

सूचकः अध्ययन प्रतिवेदन, विल भर्पाई आदि ।

**५७. वन्यजन्तु उद्धार केन्द्रको संरचना निर्माण**

टुहुरा, असहाय, घाइतेतथा अशक्त रसमस्याग्रस्तवन्यजन्तुकोउद्धार, उपचाररव्यवस्थापनगर्न साथै उद्धार गरिएका वन्यजन्तुहरुको पालनपोषण गरी पुनः प्राकृतिक वासस्थानमा छोड्ने, स्वास्थ्यका कारणले प्राकृतिक वासस्थानमा पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुलाई वर्गिकरण गरी पालनपोषण गरी राख्ने व्यवस्था मिलाउनेआदि वन्यजन्तुउद्धारकेन्द्रनिर्माणको प्रमुख उद्देश्य हो। संरक्षित क्षेत्र बाहिरका टुहुरा, असहाय, घाइते तथा अशक्त र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्न प्रदेश सरकारसँग छुट्टै जनशक्ति र संरचना नरहेकोले त्यस्ता वन्यजन्तुहरुको उद्धार गरी व्यवस्थापन गर्नमा समस्या रहेको हुदा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जद्वारा निर्माणाधिन उद्धार केन्द्रमा समन्वय गरी थप संरचना निर्माण गर्न सके आगामी दिनमा संरक्षित क्षेत्रबाहिरका त्यस्ता वन्यजन्तुहरुको उद्धार र व्यवस्थापनको लागि सो संरचना उपयोगमा ल्याउन सकिनेछ । चालू आर्थिक वर्षमा कञ्चनपुर जिल्लाको अर्जुनी क्षेत्रमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जद्वारा निर्माण गरिने उद्धार केन्द्रमा निकुञ्ज कार्यालयसँग समन्वय गरी थप/अन्य संरचना जस्तै फेन्सिङ/कम्पाउण्ड वाल निर्माण वा होल्डिङ केज निर्माण वा वन्यजन्तु उद्धारसँग सम्बन्धित अन्य संरचना निर्माणका लागि विनियोजित बजेट खर्च गर्न सकिनेछ । यस सम्बन्धी थप व्यवस्थापन वन्यजन्तु उद्धार एवम् उद्धार केन्द्र व्यवस्थापन कार्यविधि २०७३ बमोजिम गरिनेछ ।कार्यक्रम संचालन पूर्व राष्ट्रिय निकुञ्ज कार्यालयसँग MOU गरी निर्माण

प्रमोद भट्टराई
प्रदेश सचिव

कार्य अगाडि बढाइने छ । उक्त क्षेत्रमा उद्दार केन्द्र निर्माणको लागि सहकार्य गर्न नसकिने अवस्था रहेमा निर्देशनालयले मन्त्रालयसँग छलफलबाट स्थान छनौट गरी निर्माण कार्य सम्पन्न गर्नेछ ।

**अपेक्षित उपलब्धी:**निकुञ्जको कार्यक्षेत्र बाहिरका टुहुरा, असहाय, घाइते तथा अशक्त र समस्याग्रस्त वन्यजन्तुको समेत उद्दार, उपचार र व्यवस्थापनमा सहज हुनेछ र पिडित व्यक्ति, समुदायर वन्यजन्तुले राहत महशुस गरेको हुनेछ ।

**सूचक:**वन्यजन्तु उद्दार केन्द्र निर्माणमा योगदान, वील भर्पाई, कार्यसम्पादन प्रतिवेदन, जाँचपास प्रतिवेदन, विभिन्न चरणका फोटोहरु आदि ।

## ५८.अग्नी नियन्त्रण सम्बन्धी सामाग्री उपकरण तथा सामान खरीद तथा वितरण

वनजंगलमा प्रायः वर्षेनी विभिन्न कारणबाट वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आइरहेको छ । कतिपय अवस्थामा वन डढेलोको प्रकोप मानिसको नियन्त्रण भन्दा वाहिर जाने र धनजनको क्षती समेत हुने गर्दछ । वन जंगलमा फैलिएको वन डढेलोनियन्त्रणगरी थप क्षति हुन नदिन अग्नी नियन्त्रण सामाग्री तथा उपकरणहरुको आवश्यकता पर्दछ । अग्नी नियन्त्रण सामाग्री तथा उपकरण विना वन डढेलो नियन्त्रण गर्न असम्भव हुने र उपभोक्ताहरु, वनकर्मी, सुरक्षाकर्मीहरु आफै जोखिममा पर्ने हुन्छ । तसर्थ वन डढेलो नियन्त्रण गर्न र सम्भावित जोखिमबाट बच्नका लागि अग्नी नियन्त्रण सामाग्री, उपकरण तथा सामानहरु खरीद गर्नुपर्ने हुन्छ ।जिल्लागत भौगोलिक क्षेत्र अनुसार उपयुक्त हुने अग्नी नियन्त्रण सामाग्री उपकरणहरु खरीद गरी डिभिजन वन कार्यालय तथा मातहतका सबडिभिजन वन कार्यालय, जिल्लामा वन उपभोक्तास्तरका अग्नी नियन्त्रण सञ्जाल, सुरक्षा निकायहरुमा रहने गरी उक्त सामाग्रीहरु वितरण गरिनेछ। यसमा विनियोजन भएको बजेट अग्नी नियन्त्रण सामाग्री, उपकरण तथा सामान खरीद गर्न र ढुवानी, इन्धनमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी:** डिभिजन वन कार्यालय तथा मातहतका सबडिभिजन वन कार्यालय जिल्लामा वन उपभोक्तास्तरका अग्नी नियन्त्रण सञ्जाल सुरक्षा निकायहरुले अग्नी नियन्त्रण सामाग्री तथा उपकरण प्राप्त गरी वन डढेलो नियन्त्रणमा सहज र प्रभावकारी हुने साथै वन डढेलो नियन्त्रण गर्दा आइपर्ने सम्भाव्य जोखिमबाट सुरक्षित हुनेछन् ।

**सूचक:** अग्नी नियन्त्रण सामाग्री, उपकरण तथा सामान मौजुदा रहने, विल भर्पाई, जिन्सी खाता आदि।

## ५९. स्थानीय सरकार / निजी क्षेत्रको सहकार्यमा तारबार सहित वृक्षारोपण

सडक किनार, वन क्षेत्र तथा सार्वजनिक खाली/नाङ्गो क्षेत्रहरुमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रममा रकम विनियोजन गरिएको हो । यो कार्यक्रम सञ्चालनार्थ कार्यक्रम कार्यान्वयन

प्रमोद भट्टराई
प्रदेश सचिव

गर्ने निकायले सूचना प्रकाशन गरी इच्छुक स्थानीय निकाय,निजी क्षेत्र सँग सम्बन्धित सँघ सँस्थाहरुसँग सहकार्यका लागि प्रस्ताव आव्हान गर्नु पर्नेछ । यसमा पर्न आएका प्रस्तावहरुको स्थलगत तथा प्राविधिक मूल्याङ्कन गरी उपयुक्त स्थानीय निकाय/निजी क्षेत्र सँग सम्बन्धित सँघ सँस्थाको छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निकाय आफै वा छनौटमा परेको स्थानीय निकाय/ निजी क्षेत्र सँग सम्बन्धित सँघ सँस्था सँग सम्झौता गरी सो स्थानीय निकाय/ निजी क्षेत्र सँग सम्बन्धित सँघ सँस्था मार्फत कार्य सञ्चालन गर्न सकिनेछ । कार्यक्रम कार्यान्वयनार्थ छनौट हुने सँस्थाले कुल लागत रकमको कम्तिमा २०% रकम उक्त कार्यक्रमका लागि लागत साझेदारी गर्नु पर्नेछ । यस कार्यक्रममा विनियोजित रकम निम्नानुसारका कृयाकलापमा खर्च गर्नु पर्नेछ ।

- क्षेत्र छनौट, सर्भे तथा नक्साङ्कन
- विरुवा खरिद तथा ढुवानी (आवश्यक विरुवा डिभिजन वन कार्यालयको नर्सरीमा उपलब्ध नरहेमा मात्र खरिद गर्नु पर्नेछ)
- मल खरिद तथा ढुवानी, वृक्षारोपण स्थल सरसफाई, खाडल खन्ने, विरुवा रोपण
- हेरालुको व्यवस्थापन
- गोडमेल र पुनःरोपण (३ वर्षसम्म रेखदेख, अनावश्यक झारहरु गोडमेल र पुनः रोपण सम्बन्धी कार्य सहकार्य गर्ने सँस्थाको तर्फबाट साझेदारी गरिने २०% रकम मध्येबाट खर्च गरिनेछ।)
- होर्डिङ बोर्ड
- कार्यक्रम ब्यवस्थापन खर्च (प्रस्ताव मूल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन कार्यका लागी दैनिक भ्रमण भत्ता, खाना, खाजा, पानी, इन्धन आदी)

**प्रस्ताव मूल्याङ्कन समितिः** यो कार्यक्रम कार्यान्वयनार्थ पेश हुन आउने प्रस्तावहरुको मूल्याङ्कन गर्न, कार्यक्रम कार्यान्वयनको स्थलगत अनुगमन निरिक्षण तथा अन्तिम प्रतिवेदन पेश गर्नको लागि निमन्त्रानुसारको एक समिति रहने छ ।

**संयोजक :** कार्यक्रम कार्यान्वयन गर्ने निकायको वरिष्ठतम वन अधिकृत

**सदस्य :** सम्बन्धित निकायको लेखा प्रमुख

**सदस्य सचिवः** योजना शाखा प्रमुख

**अपेक्षित उपलब्धीः**सडक किनार, वन क्षेत्र तथा सार्वजनिक खाली/नाङ्गो क्षेत्रहरुमा वृक्षारोपण भई हरियाली प्रवर्द्धन भएको हुनेछ ।

**सूचकः**तारबार सहितको वृक्षारोपण, रोपण भएका विरुवाहरु, विल, भरपाई, प्रतिवेदन, फोटो, होडिङ बोर्डआदी ।

प्रमोद भट्टराई
प्रदेश सचिव

## ६०. वन डढेलो नियन्त्रणको लागि Rapid Response Team परिचालन

सुख्खा याममा वनजंगलमा विभिन्न कारणबाट वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । वनमा लाग्ने डढेलो प्रायजसो मानवीय लापरबाहीका कारणले हुने गर्दछ । यस्ता डढेलोजन्य प्रकोपलाई समयमै नियन्त्रण गर्न नसक्दा वनमा रहेका रुख तथा बोट विरुवा, जडिबुटी, वन्यजन्तु लगायतका महत्वपूर्ण जैविक विविधता नष्ट हुने हुँदा यस्ता प्रकोपहरु हुनै नदिन तथा कुनै कारणले भैहालेमा तत्काल नियन्त्रण गर्न डढेलोको उच्च जोखिम रहेका क्षेत्रहरुमा नियमित रुपमा निगरानी गर्ने, जनतालाई सचेत गराउने र तत्काल डढेलो नियन्त्रण गरी सम्भावित क्षति न्यूनिकरण गर्न शिघ्र प्रतिकार्य समूह (Rapid Response Team)गठन गरी परिचालन गर्नका लागि यो शिर्षकमा बजेट विनियोजन गरिएको हो । वन निर्देशनालयले शिघ्र प्रतिकार्य समूह (Rapid Response Team) मा रही काम गर्न इच्छुक २० देखि ४५ वर्षसम्मका ब्यक्तिहरु छनौट गरी गठन तथा परिचालन गर्न सक्नेछ ।

- **छनौट प्रकृया :**वन निर्देशनालयले नियमानुसार छनौट सम्बन्धी मापदण्ड तयार गरी लागु गर्न सक्नेछ ।
- **टिम परिचालन:** वन निर्देशनालयले डिभिजन वन कार्यालय कैलाली, पहलमानपुर, कञ्चनपुर र डडेलधुरासँग समन्वय गरी फाल्गुण १ गते देखी जेष्ठ मसान्त सम्म टिम गठन गरी परिचालन गर्नु पर्नेछ ।
- **पारिश्रमिक भुक्तानी :**डिभिजन वन कार्यालयको सिफारिसमा जिल्ला दररेटमा नबढ्ने गरी नियमानुसार पारिश्रमिक भुक्तानी गर्नु पर्नेछ।
- डढेलो नियन्त्रणमा सम्झौता बमोजिम कार्य नगरेको पाइएमा तलब कट्टी गरी हटाउन सकिने ।
- यस शिर्षकमा विनियोजित बजेट शिघ्र प्रतिकार्य समूह (Rapid Response Team) मा परिचालित हुने जनशक्तिको पारिश्रमिक, प्राथमिक उपचार सामाग्री, ईन्धन, खाजा, पानी, प्रतिकार्यमा खटिने टोलिको सामुहिक आवधिक जिवन विमामा खर्च गर्न सकिनेछ ।
- शिघ्र प्रतिकार्य समूह (Rapid Response Team) मा परिचालित हुने जनशक्तिको सुरक्षाको लागि वन निर्देशनालयले निर्देशनालयमा मौजुदा रहेको वा डिभिजन वन कार्यालयसँग समन्वयगरी डढेलो नियन्त्रण सम्बन्धी पोशाक तथा उपकरणहरु उपलब्ध गराउने ब्यबस्था मिलाउनेछ ।

**उपलब्धीहरु:** यो कृयाकलाप सम्पन्न भए पश्चात् वन क्षेत्रमा डढेलोका घटनाहरुमा न्यूनीकरण भई वन वातावरण तथा जैविक विविधता संरक्षणमा टेवा पुगेको हुनेछ साथै वन क्षेत्र बाहिर हुने धन जनको क्षतिमा समेत कमी आएको हुनेछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव

सूचक:टिममा परिचालन हुने जनशक्तिको नियुक्ति/सम्झौता, विल भरपाई,कार्यसम्पन्न प्रतिवेदन, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राखु पर्ने, आदि ।